मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : १६५ ★ ने. सं. ११४६ तछला गा, सप्तमी ★ मङ्गलबार ★ २३ असार, २०८३ ★ July 7 , 2026, Tuesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८



इरानको मशाद सहरमा अमेरिकी–इजरायली हमलामा वीरगति प्राप्त गरेका इरानका सर्वोच्च नेता सैयद अलि खामेनीको अन्त्येष्ठि प्रक्रियामा उपस्थित इरानी जनता जुलाई ७, २०२६ का दिन । मशाद सर्वोच्च नेता खामेनीको गृहनगर हो । खामेनीप्रति श्रद्धाञ्जली अर्पण गर्न इराकका कोम र कर्बालालगायतका सहरमा पनि विशाल जनसमुदाय भेला भएका थिए । *तस्बिर : मुराद सेजर/राइटर्स*

## ऐतिहासिक सम्पदाहरूले भक्तपुर नगरलाई जीवन्त राख्ने



भक्तपुर, २२ असार । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिका-१ स्थित ऐतिहासिक इशानेश्वर महादेव मन्दिरको उद्घाटन र महादेवको मूर्ति प्रतिष्ठापन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिका-१ को समग्र विकासका लागि स्वास्थ्य चौकी, सम्पदा संरक्षण, सडक तथा विद्यालय स्तरोन्नतिलगायतका पूर्वाधार निर्माणमा निरन्तर काम गर्दै आएको बताउनुभयो ।

उहाँले मन्दिर पुनर्निर्माणको कार्यमा सुरुमा सङ्घ सरकारको २० लाख रूपैयाँ सहयोगबाट प्रारम्भ भएको र अपुग रकम भक्तपुर नगरपालिकाले व्यवस्थापन गरी सम्पन्न गरिएको जानकारी दिँदै केन्द्र सरकार, नगरपालिका र स्थानीय बासिन्दाको सहकार्यबाट निर्माण सम्पन्न भएको मन्दिर पुन:निर्माणमा सहयोग गर्ने सबैप्रति धन्यवाद व्यक्त गर्नुभयो ।

नगर प्रमुख प्रजापतिले भक्तपुर सांस्कृतिक सम्पदाले भरिपूर्ण ऐतिहासिक नगर भएकाले यस्ता सम्पदाले नगरलाई जीवन्त बनाइराख्ने बताउनुभयो । उहाँले सम्पदा संरक्षण सबैको साझा दायित्व भएको उल्लेख गर्दै अब यस्ता संरचनाको संरक्षण र व्यवस्थापनमा स्थानीय समुदायले अझ सक्रिय भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले २०८० सालमा शिलान्यास गरिएको मन्दिर आज पुनर्निर्माण सम्पन्न भई उद्घाटन गर्न पाउँदा गौरव अनुभूति भएको बताउँदै इशानेश्वर महादेव मन्दिर ऐतिहासिक तथा धार्मिक दृष्टिले महत्त्वपूर्ण रहेको बताउनुभयो ।

नवदुर्गा देवगण मध्यपुर थिमीमा ङलाकेगु जात्रामा जाँदा यस स्थानमा विश्राम गर्ने परम्परा रहेको जानकारी दिँदै उहाँले नयाँ पुस्तालाई यस्ता सम्पदाबारे जानकारी गराउन सके सम्पदा संरक्षणमा थप टेवा पुग्ने विश्वास व्यक्त गर्दै निर्माणमा सहयोग गर्ने सबैप्रति कृतज्ञता प्रकट गर्नुभयो ।

वडा सदस्य सूर्यप्रसाद श्रेष्ठले नेपाली शैलीमा पुनर्निर्माण गरिएको मन्दिर र पाटीले यस क्षेत्रको स्वरूप

***बाँकी पृष्ठ ८ मा***

## यो कस्तो शिक्षा नियमावली ?

रास्वपाको बालेन सरकारले शिक्षा नियमावली संशोधन गर्दै विद्यालय व्यवस्थापन समितिमा राजनीतिक पार्टीका सदस्य, वडाध्यक्ष, वडासदस्य, कर्मचारी बस्न नपाउने व्यवस्था गरेको सार्वजनिक भयो । समाजमा शिक्षाप्रति चासो राख्ने राजनीतिक पार्टीका सदस्य, जनप्रतिनिधि, शिक्षक, कर्मचारी नै हुन् । उनीहरू नै विद्यालय व्यवस्थापन समितिमा बस्न नपाउने भए त्यस्ता विद्यालय व्यवस्थापन समितिको औचित्य के होला ? विद्यालय व्यवस्थापन समितिमा हुने पक्षपात र अनियमितता रोक्नु जरुरी छ । नागरिक कसैले पनि अनियमितता गर्नु हुँदैन । नागरिकबाट अनियमितता होला भनी बन्द कोठामा थुन्नु कसरी मिल्ला ? समाजमा धेरै असल मानिस हुन्छन्, केही खराव मानिसको कारण असल मानिसलाई रोक्ने ऐन-नियम बनाउनु जनादेशविपरीत किन होइन ?

**काठमाडौँमा दलाई लामाको समर्थनमा चीनविरोधी गतिविधि !**

नेपाली जनता र नेपाल सरकारले एक चीन नीतिलाई समर्थन गर्दै आएका छन् । नेपालका सबै सरकारहरूले पनि नेपाली भूमिमा मित्र देशहरूविरुद्ध गतिविधि हुन नदिने प्रतिवद्धता गर्दै आएका छन् । पैसट्ठी वर्षभन्दा पहिले तिब्बतबाट भागेर भारत प्रवासमा बसेका दलाई लामा संरा अमेरिकी आर्थिक सहयोगमा आफ्ना आउरेबाउरेसहित मुख्य भूमि चीनबाट तिब्बत विखण्डन गराउनेतर्फ लागि परेका छन् । यसलाई शान्तिप्रेमी विश्वका जनताले स्वीकार गरेका छैनन् ।

काठमाडौँ नागार्जुन नगरपालिका-२ ठूलो भ्याङस्थित नामग्याल आवासीय निम्न माध्यामिक विद्यालयमा असार २२ गते अमेरिकी कार्यवाहक राजदूत स्कट अर्बोम, फ्रान्सेली राजदूत भर्जिनी कर्टबेल, अष्ट्रेलियाका राजदूत साइमन अर्न्स्ट, युरोपेली सङ्घको प्रतिनिधिमण्डलका प्रमुख भेरोनिक लोरेन्जोसहित गुम्बाका तिब्बतीयन प्रतिनिधिको उपस्थितिमा १४ औँ दलाई लामा (तेन्जिङ ग्यात्सो) को ९१ औँ जन्मोत्सव मनाइएको सार्वजनिक भयो । के रास्वपाको बालेन सरकारको सहमतिबिना यसप्रकारको शान्ति विथोल्ने गतिविधि हुन सक्ला ?

### सुर्खेतमा जेट्किन जन्मजयन्ती र पुस्तक अन्तरक्रिया

## क्रान्तिकारी महिलाको इतिहासबाट पाठ सिक्न आह्वान

***- प्रकाश 'ओझेल'***

सुर्खेत, २२ असार । नेपाल क्रान्तिकारी महिला सङ्घ, जिल्ला समिति सुर्खेतको आयोजनामा अन्तर्राष्ट्रिय महिला आन्दोलनकी प्रणेता क्लारा जेट्किनको १६९ औँ जन्मदिवसको अवसरमा वीरेन्द्रनगरमा एक विशेष वैचारिक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा 'विश्वका क्रान्तिकारी महिलाहरू' पुस्तकमाथि केन्द्रित रहेर सहभागीहरूबिच गहन विमर्श गरिएको थियो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय सल्लाहकार नर्मा गुरुङले क्लारा जेट्किनको त्यागमय र क्रान्तिकारी जीवनबाट प्रेरणा लिएर वर्तमानका महिलाहरूले पनि आफूलाई देश, जनता र श्रमजीवी वर्गको नि:स्वार्थ सेवामा तत्पर राख्नुपर्नेमा जोड दिनुभयो ।

नेपाल मजदुर किसान पार्टी सुर्खेतका अध्यक्ष हरिबहादुर बोहराले रोजा लक्जेम्बर्ग, क्लारा जेट्किन र क्रुप्सकायाजस्ता प्रख्यात अन्तर्राष्ट्रिय महिला क्रान्तिकारीहरूको योगदानको चर्चा गर्नुभयो । उहाँले विश्वका स्थापित नेतृहरूलाई स्मरण गर्दै गर्दा हाम्रा आफ्नै गाउँ-समाजमा पनि आफ्नो क्षमता र योग्यताअनुसार देश, जनता र पार्टीको रक्षाका लागि सर्वस्व त्याग गर्ने स्थानीय महिला कमरेडहरूको योगदानलाई कहिल्यै बिर्सन नहुने धारणा राख्नुभयो ।

नेपाल मजदुर किसान पार्टी वीरेन्द्रनगर नगर समितिका अध्यक्ष शेरबहादुर शाहीले क्लारा जेट्किनको जीवनका विविध आयाम र सङ्क्षिप्त जीवनीमाथि प्रकाश पार्नुभयो । उहाँले महिला मुक्तिलाई वर्गीय मुक्तिसँग जोडेर हेर्नुपर्ने मार्क्सवादी दृष्टिकोणबारे स्पष्ट पार्नुभएको थियो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय सदस्य अक्कल रानाले विश्वका क्रान्तिकारी महिलाहरूको चिनारी गराउँदै उनीहरूको सङ्घर्षबाट वर्तमान ट्रेड युनियन आन्दोलनले सिक्नुपर्ने व्यावहारिक पाठबारे प्रस्ट पार्नुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय सदस्य लालबहादुर थापाले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनलाई आजको उचाइसम्म ल्याइपुर्‍याउन विभिन्न देशका क्रान्तिकारी महिलाहरूले खेलेको ऐतिहासिक भूमिकाको चर्चा गर्दै नीति निर्माण र राजनीतिमा महिला सहभागिताको सवाल वर्गीय मुक्तिसँग जोडिएको उल्लेख गर्नुभयो ।

स्थानीय समितिका तर्फबाट नेमकिपा वीरेन्द्रनगर वडा नं. ४ का अध्यक्ष गणेश खड्काले रोजा लक्जेम्बर्गलगायतका क्रान्तिकारी नारीहरूको वैचारिक दृढताको चर्चा गर्दै वर्तमान सरकारका जनविरोधी नीति र हिजोको माओवादी आन्दोलनभित्र देखिएको उग्र-वामपन्थी 'अराजकतावाद' ले देश र श्रमजीवी जनतालाई पुर्‍याएको गम्भीर क्षतिबारे तिखो टिप्पणी गर्नुभयो ।

कानुन अध्ययन समाजका टीकाप्रसाद पोखरेलले वर्तमान व्यवस्थामा यस्ता वैचारिक कार्यक्रमहरूको सान्दर्भिकता र कानुनी तथा राजनीतिक

***बाँकी पृष्ठ ८ मा***

### व्यङ्ग्यचित्र कुनो






**कोटेश्वर-बालकुमारी सडकखण्डमा भित्तेचित्र कोर्दै चित्रकार**

काठमाडौँ महानगरपालिका-३२ अन्तर्गत कोटेश्वर-बालकुमारी सडकखण्डको भित्तामा सम्पदासम्बन्धी चित्र कोर्दै चित्रकार । काठमाडौँ महानगरपालिकाले सडक सौन्दर्यीकरण अभियानअन्तर्गत भित्तेचित्र निर्माणसँगै गमलामा फूल रोपेर सो क्षेत्रलाई थप आकर्षक बनाउने योजनाको कार्यान्वयन गरिरहेको छ ।

*तस्बिर: नवीन पौडेल/रासस*

# नवदुर्गा देवगण जात्रा र भलभल अष्टमी

**- नारायणमान वनमाला**

भक्तपुर, २२ असार । नवदुर्गा देवगण जात्रा ( ङालाकेगु) नेपालकै लामो जात्राको रूपमा विश्वमा प्रसिद्ध छ । यस जात्रामा विभिन्न देवीदेवताका मकुन्डो लगाएर परम्परागत र तान्त्रिक रूपमा नाच तथा जात्राहरू हुँदै आएको छ । आज असार २३ गते मङ्गलबार यस जात्राको अन्तिम दिन भलभल अष्टमीलाई मानिन्छ । हरेक वर्ष जुनसुकै परिस्थितिमा पनि यो देवगण जात्रा निरन्तर सञ्चालन भइरहेको छ ।

यस नवदुर्गा जात्रामा पारिवारिक भूमिकामा सहकार्य, नारी सुन्दरता, सरसफाइ, नारीक्रोध, मतिना नाच, दाम्पत्ति भूमिका, शाकाहारी मांसाहारी पहिचान, बालपन, चकचके भूमिका, खानाको परिकार, नेपाली जीवनशैलीलाई विभिन्न नाच तथा नाटकीय रूपमा प्रदर्शन हुन्छ । भक्तपुरमा मात्र २१ स्थानमा माछा मार्ने (ङालाकेगु) जात्रा गरिन्छ । यसबाहेक काठमाडौँ, पशुपति, टोखा, चपजि, तुस्चा, गोकर्ण, साँखुमा पनि जात्रा गरिन्छ । त्यस्तै, मध्यपुर नपा, चाँगुनारायण, साँगा, नाला, धुलिखेल, श्रीखरापुर, चौकोट बनेपा नगरपालिका र पनौती नपामा पनि जात्रा सञ्चालन गरिन्छ । मानव समाजमा जन्मपश्चात् मृत्यु हुने तथ्यलाई दिशाबोध गर्न साउन महिनाको दोस्रो हप्तादेखि नामकरणबाट गतिविधि गर्दै वर्षभरिमा आठ महिना मकुन्डोसहित र चार महिना मकुन्डोबिनाको जात्रा गर्ने गरिन्छ ।



भलभल अष्टमीको दिन बिहानदेखि यस वर्षको देवगणको जात्रा अन्त्य हुनेछ । ब्रह्मायणी, महेश्वरी, भद्रकाली तीन देवगणबाट ब्रह्मायणी पिठमा विधिवतरूपमा गु:सी (दाउरा) लाने गरिन्छ । देवगणहरू दिउँसोदेखि नै पोशाक धारण गरी सम्पूर्ण मकुन्डोहरू मन्दिरको चोकमा विराजमान गर्दै मङ्गल सिद्धि नाच हुन्छ । सम्पूर्ण देवगणलाई मन्दिरको पुजारी (नंकी) बाट ठुलठुला केराउको बारा र अण्डा बाराको सगुन दिने परम्परा छ । ब्रह्मायणीले सम्पूर्ण देवगण तथा सोही परिवारलाई पञ्चरङ्गी (पासुका) दिने, गणेश देवगणबाट मोहनी टीका लगाइदिने गरिन्छ । साँझ मन्दिरको चोकमा सम्पूर्ण देवगणहरू पालैपालो नाच प्रदर्शन गर्दै भक्तपुर नगर परिक्रमाको लागि प्रस्थान हुन्छ ।

देवगणहरूबाट भक्तजनहरूलाई पासुका ( पञ्चरङ्गी धागो) प्रसादको रूपमा दिने चलन छ । देवगणहरू नगर परिक्रमा गरी पुन: नवदुर्गा मन्दिर परिसरमा पुग्दा स्थानीय तथा अन्य बनमालाहरूबाट मन्दिर प्रवेश गर्न रोक्ने गरिन्छ । देवगण मन्दिर बाहिरबाट गर्छौं, चोफल, त्वचा हुँदै सूर्यमढी दवलीमा सम्पूर्ण देवगणहरू राखिन्छ । अन्तमा, नाय्खीं बाजा बजाइ मध्य राति ब्रह्मायणी पीठमा पुगेर देवगणका मकुन्डोलाई पूजा गरी बलिको रूपमा थुमा चढाएर देवगणबाट मकुन्डोलाई जलाई मकुन्डोका अस्थिहरू खोलामा बगाएर जात्रा अन्त्येष्टि गरिन्छ ।

# धुलिखेल-खावा सडकखण्ड रातका समयमा बन्द नगरिने

काभ्रेपलाञ्चोक, २२ असार । वर्षात्का कारण निर्माणमा समस्या आउने भएकाले अरनिको राजमार्गअन्तर्गत धुलिखेल-खावा सडकखण्डमा रातका समयमा यातायात सेवा बन्द नगरिने भएको छ । सो सडकखण्ड हाल स्तरोन्नति भइरहेको छ ।

निर्माणलाई तीव्रता दिन सोमबारदेखि १५ दिन रातको समयमा सवारी साधन आवागमनमा रोक लगाइने निर्णय गरिएको थियो । उक्त सडकखण्डमा पहिलो चरणको कालोपत्रे गर्नका लागि रातको समयमा बेलुकी ७ बजेदेखि बिहान ५ बजेसम्म बन्द गरिएको थियो ।

केही दिनको वर्षाले ‘सिटिबी’ तथा ‘डिबीएम’ गर्न सडक सम्याएर हालिएको सब-बेश केही स्थानमा बगाएको र कतै क्षति पुर्‍याएकाले आवागमन रोकेर गर्ने भनिएको काम सम्भव नदेखिएकाले सडक




बन्द नहुने सडक डिभिजन कार्यालयले जनाएको छ ।

कार्यालयका इञ्जिनियर सीताराम बुढाथोकीका अनुसार निर्माण कम्पनीले आजै पत्राचार गरी सोमबारदेखिको निर्धारित कार्यतालिका फेरबदल गर्नुपरेकाले केही समय सार्ने जानकारी गराएको हो ।

यसअघि जिल्ला सुरक्षा समिति काभ्रेले उक्त सडकखण्डमा सोमबारदेखि आगामी साउन ४ गतेसम्म रातको समयमा पूर्णत: सवारी आवागमन बन्द गरिने निर्णय गरेको थियो । उक्त सडकखण्ड कालोपत्रे गर्ने सम्बन्धमा उल्लेखित अवधिमा टिपर र मालवाहक ठुला ट्रकलाई पूर्णत: प्रवेशमा निषेध गर्ने तथा अन्य यात्रुबाहक तथा अन्य मालबाहक सवारी साधनलाई बेलुकी ७ बजेदेखि बिहान ५ बजेसम्म मात्रै प्रवेशमा रोक लगाउने निर्णय गरिएको थियो । विस्तारित उक्त सडकखण्डको दूरी चार किमी रहेको छ ।

डिभिजन सडक कार्यालय भक्तपुरले असार दोस्रो सातादेखि नै राती यातायात रोकेर निर्माणकार्यलाई तीव्रता दिने जनाए पनि आर्थिक वर्षको अन्त्यको समय भएकोले निर्माण सामग्री ढुवानीमा प्रभावित नहोस् भन्ने हेतुले समितिले सडक निर्माण प्रक्रियालाई केही ढिलाइ गर्न लगाएको थियो । गत चैतमा पनि करिब एक महिनाभर रातको समयमा पूर्णत: आवागमन बन्द तथा दिउँसो एकतर्फी सञ्चालन गरेर अढाई किमी कालोपत्रे (डिबिएम-पीच) को काम गरिएको थियो । ***रासस***

# जाँचबुझ आयोगमा मृतक परिवारहरूको बयानको सार सङ्क्षेप - ४७

**मृतक विनोद महर्जनका दाजु काजीरत्न महर्जनको कागज व्होरा :**

३४ वर्षको मेरो भाइ विनोद महर्जन चित्रकला र हस्तकलासम्बन्धी काम गर्थे । घटनाको दिन विनोद कहाँ थिए जानकारी भएन तर विनोदलाई भदौ २३ गते अन्दाजी १२:०० बजेको समयमा छिमेकीले शङ्खमूलमा पानी वितरण गर्दै गरेको देखेका रहेछन् । सोही दिन गोली लागेपछि प्रदर्शनकारीहरूले नै अस्पताल पुर्‍याएका रहेछन् । अस्पतालमा १:५८ बजे नै मृत्यु भइसकेको रहेछ । सामाजिक सञ्जालमा उपलब्ध भिडियोअनुसार विनोदको मृत्यु घटनास्थलमै भएको हुनुपर्छ । गोली टाउकोको पछाडिबाट बाहिर निस्केको देखिन्छ ।

नेपाल सरकारबाट रु. १५ लाख र ललितपुर महानगरपालिकाबाट रु. ५ लाख राहत पाएका छौँ । जाँचबुझ आयोगले दोषीलाई न्यायिक कारबाही गर्नुपर्छ ।

**मृतक संतोष विश्वकर्माकी श्रीमती अम्बिका वि.क.को कागज व्होरा :**

मेरो श्रीमान् संतोष विश्वकर्मा कक्षा १० सम्मको अध्ययन गरेर मजदुरी काम गर्नुहुन्थ्यो । भदौ २३ गते बिहान अन्दाजी १०:३० बजेको समयमा फोन सम्पर्क भएको थियो । सोही दिन अस्पतालमा उपचार हुन नपाउँदै मृत्यु घोषणा भएको हो । पोष्टमार्टम रिपोर्ट प्राप्त भएको छैन । नेपाल सरकारबाट राहत स्वरूप रु. १५ लाख नगद पाएका छौँ । जाँचबुझ आयोगले दोषीलाई न्यायिक कारबाही गर्नुपर्छ ।

**मृतक विमलबाबु भट्टका दाजु अनिल भट्टको कागज व्होरा :**

मेरो भाइ विमलबाबु भट्ट कक्षा १२ मा अध्ययनरत थिए । घटनाको दिन विमल बानेश्वरको आन्दोलनमा सहभागी हुन पुगेका रहेछन् । मसँग विमलको अन्तिमपटक भदौ २३ गते भाइबरमा कुरा भएको थियो । उसको १२:४५ बजे नै सिभिल अस्पतालमा मृत्यु घोषणा भएको रहेछ । पक्कै पनि उपचारको क्रममा लापरवाही भएको छ । अस्पताल र प्रहरी प्रशासनले लिखित बयान लिएको छैन । नेपाल सरकारबाट राहत स्वरूप रु. १५ लाख पाएका छौँ । दोषीलाई हदैसम्मको न्यायिक कारबाही गर्नुपर्छ । अहिलेसम्म हामी पीडितको लागि सरकारले केही गर्न सकेजस्तो लाग्दैन ।

**मृतक अभिषेक चौलागाईका बुवा दिनेश चौलागाईको कागज व्होरा :**

मेरो छोरा अभिषेक चौलागाई कक्षा १२ मा अध्ययनरत थिए । भदौ २४ गते ठमेलस्थित आफ्नो अफिसबाट घर आउँदै गर्दा नयाँ बानेश्वरमा गोली लागेर घटनास्थलमै मृत्यु भएको रहेछ । छोरासँग अन्तिमपटक भदौ २४ गते कुरा भएको थियो । उक्त कुरा २५ गते बेलुका ०६:३० बजेको समाचार सुनेर थाहा पाएँ ।

नेपाल सरकारबाट राहत स्वरूप रु. १५ लाख पाएका छौँ । घटनाको जिम्मेवार तत्कालीन प्रधानमन्त्री, मुख्यसचिव, गृहमन्त्री, प्रमुख जिल्ला अधिकारी, प्रहरी महानिरीक्षक, सुरक्षाकर्मी र फिल्ड कमान्डर लगायतका व्यक्तिहरू हुन । आयोगले दोषीलाई छिटो न्यायिक कारबाही गरोस् ।

**मृतक देवकुमार सुवेदीकी श्रीमती पार्वती अधिकारीको कागज व्होरा :**

मेरो लोग्ने देव कुमार सुवेदी ज्यालादारी गार्ड हुनुहुन्थ्यो । उहाँ भदौ २३ गते बानेश्वर र भाद्र २४ गते कालिमाटीमा हुनुहुन्थ्यो । उहाँसँग अन्तिमपटक भदौ २४ गते फोनमा कुरा भएको थियो । भाद्र २४ गते कालीमाटी चोकमा गोली लागेपछि दिउसो ०१:२० बजेको समयमा सँगै भएका साथीहरूले अस्पताल पुर्‍याएका रहेछन् । अस्पतालले भाद्र २५ गते मृत घोषणा गर्‍यो । पोष्टमार्टम रिपोर्ट हेरेको छैन । उपचारको क्रममा ढिलाई वा लापरवाही भएको छैन । नेपाल सरकारबाट राहतस्वरूप रु. १५ लाख पाएका छौँ । तत्कालीन प्रधानमन्त्री, गृहमन्त्री, प्रमुख जिल्ला अधिकारी, प्रहरी महानिरीक्षक लगायतका व्यक्ति घटनाका जिम्मेवार हुन् । दोषीलाई न्यायिक कारबाही होस् ।

# वातावरण संरक्षण मञ्च भक्तपुरद्वारा प्लास्टिकबाट ढकी बुनाइ तालिम सम्पन्न

भक्तपुर, २१ असार । वातावरण संरक्षण मञ्च भक्तपुरको आयोजनामा सञ्चालन भएको दुईदिने खेर जाने प्लास्टिकबाट ढकी बुनाई तालिम शनिबार सम्पन्न भयो ।

कार्यक्रममा आयोजक मञ्चका अध्यक्ष न्हुछेबहादुर प्रजापतिले घरबाट फोहोरको रूपमा निस्किने प्लास्टिकलाई विभिन्न उपयोगी घरेलु सामग्री बनाएर व्यावसायिक रूपमा अगाडि बढेमा आम्दानीसँगै जलवायु तथा वातावरण प्रदूषण नियन्त्रण गर्न महिलाहरू तालिमबाट सक्रिय हुने बताउनुभयो ।

सह-आयोजक कौशलटार महिला साकोसका सावित्री थापाले तालिमले घरबाट निष्काशन हुने प्लास्टिकको सही घरायसी उपयोगका सामान बनाउन सके वातावरण नै सफा हुने बताउनुभयो ।

मञ्चका संस्थापक अध्यक्ष जयराम थापाले मञ्चले विभिन्न समयमा गर्दै आएको गतिविधिको जानकारी दिँदै तालिमको महत्त्वबारे आफ्नो विचार व्यक्त गर्नुभयो ।

तालिमका प्रशिक्षक सरस्वती भेलेले खेर गएका प्लास्टिकबाट घरायसी सामान बनाउँदा सामानले उचित मूल्य पाउने तथा रोजगारीको सुनिश्चितताका लागि कामलाई निरन्तरता दिन जोड दिनुभयो ।

मञ्चका उपाध्यक्ष सहना पसखल तथा प्रशिक्षार्थी हरिलक्ष्मी श्रेष्ठलगायतले बोल्नुभएको उक्त तालिममा २५ जना महिलाहरूको सहभागिता रह्यो ।

तालिम सञ्चालनको लागि नारी सेवा बचत तथा सहकारी संस्था तथा कौशलटार महिला बचत तथा सहकारी संस्था लिमिटेडले सहयोग गरेका थिए ।

## सङ्क्षिप्त समाचार

# चौबीस घण्टामा दुई हजारभन्दा बढी सवारी चालक कारबाहीमा

काठमाडौँ, २२ असार । काठमाडौँ उपत्यकामा पछिल्लो २४ घण्टामा दुई हजार १७६ जना सवारीचालक सवारी नियम उल्लङ्घनको कारबाहीमा परेका छन् ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशप्रसाद सुवेदीका अनुसार कारबाहीमा परेकाहरूमा मादकपदार्थ सेवन गरेका ८१, नियमविपरीत 'राइड सेयरिङ' गरेका १०१, सङ्केत बत्ती उल्लङ्घनकर्ता १५९ र तीव्र गतिमा सवारीसाधन हुइँक्याएका २०२ जना छन् ।

साथै 'लेन' अनुशासन पालना नगर्ने ९२, निषेधित क्षेत्रमा हर्न बजाउने ११०, सडक पुथपाथ पार्किङमा ११०, एकतर्फीमा ६६ र अन्य सवारी नियम पालना नगरेका एक हजार ५५ जना रहेका छन् । उक्त कारबाहीबाट रु. १० लाख ६२ हजार असुली गरिएको छ । ***रासस***

# लाङटाङ राष्ट्रिय निकुञ्जमा पर्यटक आगमन र राजस्व दुवै घट्यो



रसुवा, २२ असार । लाङटाङ राष्ट्रिय निकुञ्जमा चालु आर्थिक वर्षमा पर्यटक आगमन घटेसँगै राजस्व सङ्कलनमा उल्लेख्य कमी आएको छ । पर्यटक सङ्ख्या घटेपछि निकुञ्ज प्रशासनले स्थानीय पर्यटन प्रवर्द्धनमार्फत आयआर्जन र संरक्षणलाई सँगसँगै अघि बढाउने रणनीतिमा जोड दिएको छ ।

निकुञ्जको तथ्याङ्कअनुसार गत आर्थिक वर्षमा करिब ५६ हजार पर्यटकले निकुञ्ज भ्रमण गरेका थिए । चालु आर्थिक वर्षमा भने हालसम्म ५० हजार ३६० पर्यटक मात्र निकुञ्ज पुगेका छन् । तीमध्ये ३९ हजार ११ जना आन्तरिक, सार्क राष्ट्रका ७८८ जना र अन्य मुलुकका १० हजार ५६१ जना रहेका छन् ।

पर्यटक आगमन घटेसँगै राजस्व सङ्कलनमा पनि असर परेको छ । गत आर्थिक वर्षमा रु. पाँच करोड ७७ लाख राजस्व सङ्कलन भएकोमा चालु आर्थिक वर्षमा हालसम्म रु. चार करोड २८ लाख २२ हजार ७५६ मात्र सङ्कलन भएको निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीले जानकारी दिनुभयो ।

नेपालको प्रमुख हिमाली पर्यटकीय गन्तव्य तथा धार्मिक तीर्थस्थल गोसाइँकुण्ड र लाङटाङ क्षेत्रले हरेक वर्ष स्वदेशी तथा विदेशी पर्यटकलाई आकर्षित गर्दै आएका छन् । पर्यटनबाट प्राप्त राजस्वले निकुञ्ज संरक्षण, जैविक विविधताको व्यवस्थापन तथा स्थानीय समुदायको जीविकोपार्जनमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । ***रासस***

# रूपन्देहीमा बोरिङको भरमा धान रोपाइँ

सिद्धार्थनगर (भैरहवा), २२ असार । मनसुन सक्रिय भए पनि पर्याप्त वर्षा नहुँदा रूपन्देहीका अधिकांश किसान यस वर्ष बोरिङ र पम्पसेटको भरमा धान रोप्न बाध्य भएका छन् । जिल्लाका कोटहीमाई, मर्चवारी, सम्मरीमाई, गैडहवा र ओमसतिया गाउँपालिका तथा लुम्बिनी सांस्कृतिक नगरपालिकालगायतका क्षेत्रमा भूमिगत पानी तानेर धान रोपाइँ भइरहेको छ ।

विगतका वर्षमा आकाशे पानी र कुलोको सिँचाइमा निर्भर रहने किसान यस वर्ष चर्को घामबिच महँगो खर्च गरेर बोरिङ सञ्चालन गर्न बाध्य भएको स्थानीयहरूले बताएका छन् । समयमै पर्याप्त वर्षा नहुँदा रोपाइँ प्रभावित हुनुका साथै उत्पादनमा समेत असर पर्ने चिन्ता किसानमा बढेको छ ।

लुम्बिनी सांस्कृतिक नगरपालिकाका किसान अमित चौहानले वर्षौंदेखि निर्माण भएका कुलोहरू संरक्षण र मर्मतको अभावमा प्रयोगविहीन बनेकाले खेतसम्म सिँचाइको पानी पुग्न नसकेको बताउनुभयो । "कुलो छन्, तर पानी छैन, मर्मत नहुँदा किसानले त्यसको लाभ लिन सकेका छैनन्," उहाँले भन्नुभयो ।

मर्चवारी गाउँपालिकाका स्थानीय बैजनाथ बरइका अनुसार अहिले अधिकांशले पम्पसेटमार्फत सिँचाइ गरिरहेका छन् । किसानहरूले तीन-चार वटा पम्पसेट एकैसाथ सञ्चालन गरेर रोपाइँ भइरहेको उहाँको भनाइ छ ।

स्थानीयका अनुसार मर्चवारसहित रूपन्देहीका दक्षिणी क्षेत्रमा स्थायी सिँचाइ प्रणाली नहुँदा प्रत्येक वर्ष किसानले यस्तै समस्या भोग्दै आएका छन् । भूमिगत पानीमा बढ्दो निर्भरता, डिजेल तथा विद्युत् खर्च र मौसमको अनिश्चितताले खेतीको लागतसमेत उल्लेखनीय रूपमा बढाएको उनीहरूको भनाइ छ । ***रासस***



**भूकम्पले घर भत्किएपछि अस्थायी टहरामा बसेका बादी समुदाय :**
जाजरकोटको नलगाड नगरपालिका-७ काललाग्यस्थित अस्थायी टहरामा बसेका बादी समुदाय । विसं २०८० कात्तिक १७ गते आएको भूकम्पले घर भत्किएपछि उनीहरु अस्थायी टहरामा बस्दै आएका छन् । *तस्बिर: हेमन्त केसी/रासस*

# रूपन्देहीमा 'स्मार्ट प्रहरी-सुरक्षित समुदाय' कार्यक्रम सुरु

सिद्धार्थनगर (भैरहवा), २२ असार । रूपन्देही प्रहरीले सूचना प्रविधिमा आधारित 'स्मार्ट प्रहरी-सुरक्षित समुदाय' कार्यक्रमसहित कार्यसञ्जाल विस्तार गरी समयसापेक्ष सेवा सञ्चालन गरेको छ ।

नेपाल सरकारले जारी गरेको १०० बुँदे कार्यक्रम कार्यान्वयन गर्नेक्रममा नेपाल प्रहरीले अघि सारेको सो अवधारणालाई आत्मसात् गर्दै रूपन्देही प्रहरीले सूचना प्रविधिको प्रयोगमा जोड दिई चुस्तदुरुस्त एवं नागरिकमैत्री सेवा प्रवाह गर्ने प्रतिबद्धता व्यक्त गरेको हो ।

लुम्बिनी प्रदेश प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी नायब महानिरीक्षक भूपेन्द्रबहादुर खत्रीले 'स्मार्ट पुलिसिङ' को अवधारणाबमोजिम रूपन्देही जिल्लामा 'क्राइम रेस्पोन्स भेहिकल' (सिआरभी) र 'स्मार्ट पुलिस कन्ट्रोल रुम' (एसपिसिआर) सञ्चालन गर्न लागेको जानकारी दिनुभयो ।

तुलनात्मक रूपमा जनघनत्व र खुला सीमा बढी भएको रूपन्देही जिल्लामा आपराधिक घटनासहित जोखिमको मात्र पनि बढी हुनसक्ने यथार्थलाई दृष्टिगत गरी सूचना प्रविधिमा आधारित भई द्रुत गतिमा सेवा प्रवाह गर्न लागेको उहाँले बताउनुभयो ।

प्रदेश प्रहरी प्रमुख खत्रीका अनुसार रूपन्देहीपछि बाँके, कपिलवस्तु, पश्चिम नवलपरासी, दाङलगायतका जिल्लामा पनि 'स्मार्ट पुलिसिङ' विस्तार गरिनेछ । यसैगरी, प्रविधिमा आधारित सेवाले अपराध नियन्त्रणलाई छिटो, प्रभावकारी र पारदर्शी बनाउनुका साथै 'प्रहरी-नागरिक' सम्बन्धलाई अझ सुदृढ बनाउने र भन्सार छली, चोरी-तस्करी, सडक दुर्घटना र साइबर अपराध न्यूनीकरण तथा नियन्त्रणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय रूपन्देहीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक कृष्णकुमार चन्दले सूचना प्रविधिको क्षेत्रमा देखिएको विकाससँगै स्मार्ट पुलिसिङको अवधारणाबमोजिम प्रहरी सङ्गठन अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

लुम्बिनी प्रदेश प्रहरी कार्यालयका स्मार्ट पुलिसिङ तथा अपराध अनुसन्धानविज्ञ प्रहरी निरीक्षक उज्ज्वल खड्काका अनुसार रूपन्देहीको मिलनचोक, कालिकानगर, योगीकुटी, मणिग्राम, कोटिहवा, बुद्धचोक, मायादेवी चोक, आँखा अस्पताल चोक, बसन्तपुर चोक र झुलनीपुरमा 'सिआरभी' बेस स्थापना गरी स्मार्ट सेवा सञ्चालन गरिने छ ।

यसैगरी, जिल्ला प्रहरी कार्यालय रूपन्देहीमा स्थापना गरिने स्मार्ट पुलिस कन्ट्रोल रुम (एसपिसिआर) लाई आधुनिक प्रविधि प्रणालीसँग जोडिने छ । यसबाट प्रहरी टोलीको परिचालन, निगरानी, नियन्त्रण, कमाण्ड, सिसिटिभी अनुगमन, डिजिटल अभिलेखीकरण तथा प्रहरी प्रतिक्रियाको सम्पूर्ण व्यवस्थापन एउटै केन्द्रबाट म चौबीसै घण्टा सञ्चालन गरिने प्रहरीले जनाएको छ ।

नेपाल प्रहरीले अघि सारेको स्मार्ट पुलिसिङ अवधारणाले साइबर अपराध, सीमापार अपराध, सङ्गठित अपराध, वित्तीय अपराध तथा आधुनिक सुरक्षा चुनौतीको प्रभावकारी सामना गर्न कृत्रिम बौद्धिकता (एआई), डिजिटल सूचना प्रणाली, डेटा विश्लेषण र अनुसन्धान प्रविधिको प्रयोगलाई प्राथमिकतामा राखेको जनाएको छ ।

रूपन्देही प्रहरीका सूचना अधिकारी चन्दका अनुसार सिआरभी र एसपिआर प्रणालीले अपराध अनुसन्धानलाई थप वैज्ञानिक, प्रविधिमैत्री र प्रमाणमा आधारित बनाउने तथा कुनै अपराध, दुर्घटना, विपद् वा आकस्मिक घटनाको सूचना प्राप्त हुनासाथ सबैभन्दा नजिकको प्रहरी टोलीलाई डिजिटल प्रणालीमार्फत तत्काल परिचालन गरिने र घटनास्थलको सुरक्षा, प्रमाण संरक्षण, उद्धार तथा अनुसन्धानलाई एउटै प्रणालीमा जोडिने भएकाले सेवा प्रवाहमा गुणात्मक उपलब्धि हासिल भई प्रहरी र आमजनताबिचको सम्बन्ध अझ विश्वसनीय, सुदृढ र सुमधुर हुने छ । ***रासस***

# तीस हजार किलोभन्दा बढी घाँसको बीउ उत्पादन

राँझा (बाँके),२२ असार । बाँकेको खजुरा गाउँपालिका-२ गौघाटस्थित राष्ट्रिय पशु प्रजनन कार्यालयले ३० हजार ६ सय ३० किलो घाँसको बीउ उत्पादन गरेको छ ।

चालु आर्थिक वर्ष ०८२/८३ मा विभिन्न प्रजातीका घाँसको ३० हजार ६ सय ३० किलो घाँसको बीउ उत्पादन गरिएको राष्ट्रिय पशु प्रजनन कार्यालयका प्रमुख वरिष्ठ पशु विकास अधिकृत डा. खिमानन्द खनालले जानकारी दिनुभयो ।

उहाँका अनुसार राष्ट्रिय पशु प्रजनन् कार्यालयबाट उत्पादन भएको घाँसको बीउ १९ हजार २ सय २६ किलो किसानलाई बिक्रीवितरण गरिएको छ । कार्यालयमा एक हजार ७ सय ९० किलो खपत भई ११ हजार ४ सय ३ केजी घाँसको बीउ बाँकी रहेको छ ।

कार्यालयले बर्सिम, जै, भेच, टियोसेन्टी, ज्वाइन्ट भेच स्टाइलो कुक्स, नेपियर लगायतको घाँस र बडहर, टाँकी, कोइरालो, इपिलइपिल, किम्बु मेन्डोलालगायतको डालेघाँसको बीउ तथा विरुवा उत्पादन गरी बिक्री वितरण गर्ने गरेको छ ।

चालु आर्थिक वर्षमा घाँसको बीउ तथा हरियो घाँस बिक्री गरेर रु. २० लाख ४७ हजार ७०४ आम्दानी गरेको छ । कार्यालयले विभिन्न जातका घाँसका बीउ तथा बिरुवा उत्पादन गर्नुका साथै पशु नश्ल सुधारअन्तर्गत कृत्रिम गर्भाधानका लागि राँगो, साँढे तथा बोकाको जमेको वीर्य उत्पादन तथा वितरण हुँदै आएको वरिष्ठ पशु विकास अधिकृत डा. खनालले जानकारी दिनुभयो ।

खजुरा-२ गौघाटमा करिव ३४ दशमलव ४ हेक्टर क्षेत्रफलमा फैलिएको राष्ट्रिय पशु प्रजनन् कार्यालयले व्यावसायिक रूपमा घाँसको बीउ खेती गरी किसानलाई बिक्री वितरण गर्दै आएको कार्यालयका पशु सेवा प्राविधिक देवनारायण जैसीले बताउनुभयो ।

अहिले घाँसको बीउ छर्ने र बिरुवा रोप्ने काम भइरहेको छ । वर्षाद् नभएका कारण यो वर्ष घाँसको बीउ छर्न र बिरुवा रोप्न केही ढिलाई भएको जैसीले जानकारी दिनुभयो । राष्ट्रिय पशु प्रजनन् कार्यालय २०३६ सालमा भैंसी फाराम (बुल सेन्टर) का रूपमा स्थापना भएपश्चात् विभिन्न चरण हुँदै ४७ औं वर्ष प्रवेश गरेको छ ।

यो कार्यालयले सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश र लुम्बिनी प्रदेशका बाँके, बर्दिया, दाङ, प्युठान, रोल्पा र पूर्वी रुकुम गरी २५ जिल्लामा सेवा प्रवाह गरिरहेको छ । कार्यालयबाट विभिन्न जातका घाँसका बिउ तथा बिरुवा उत्पादन गर्नुका साथै पशु नश्ल सुधारअन्तर्गत कृत्रिम गर्भाधानका लागि राँगो, साँढे तथा बोकाको जमेको वीर्य उत्पादन तथा वितरण गर्दै आएको जैसीले बताउनुभयो । ***रासस***

# कालीकोटमा 'विषादी न्यूनीकरण अभियान'

मान्म (कालीकोट), २२ असार । विषादीले मानव स्वास्थ्य र कृषिमा गम्भीर चुनौती थपिएको भन्दै प्रयोगलाई कम गर्ने उद्देश्यले सोमबार कालीकोटमा 'विषादी जोखिम न्यूनीकरण' अभियान सञ्चालन गरिएको छ ।

जिल्ला कृषि विकास कार्यालय कालीकोटको सक्रियतामा स्थानीय कृषकको खेतबारीसम्म पुगेर र बजार अनुगमनलाई तीव्रता पार्दै यहाँ 'विषादी जोखिम न्यूनीकरण' अभियान प्रभावकारी रूपमा सञ्चालन गरिएको छ । रासायनिक विषादीको प्रयोगले मानव स्वास्थ्यमा गम्भीर असर देखिएको स्वास्थ्य सेवा कार्यालय कालीकोटका प्रमुख डा. रत्नवीर सुनारले बताउनुभयो ।

"विषादीका कारण क्यान्सर, कलेजो तथा मिर्गौलामा क्षति, ट्युमर, प्रजननसम्बन्धी समस्या, स्नायु प्रणालीमा असर, छालामा एलर्जी तथा रोग प्रतिरोधात्मक क्षमता कमजोर हुने गरेको छ," उहाँले भन्नुभयो । विषादी नियन्त्रण गर्दै सुरक्षित, स्वच्छ र पोषणयुक्त खाद्य उत्पादन तथा उपभोगलाई प्रवर्द्धन गर्न तत्तत् निकायसँग सहकार्य आवश्यक रहेको जिल्ला समन्वय प्रमुख धनजितबहादुर शाहीले बताउनुभयो ।

"जैविक विविधताको संरक्षण, स्वस्थ जीवनशैलीको विकास र जनचेतना अभिवृद्धिका लागि विषादी व्यवस्थापनसम्बन्धी अभियानलाई निरन्तर सञ्चालन गर्नुपर्छ," उहाँले भन्नुभयो । विषादीको प्रयोग हुन नदिन र पोषण प्रवर्द्धनलाई प्रभावकारी बनाउन स्थानीय तह, कृषि तथा स्वास्थ्य क्षेत्रसँग समन्वय गरी समुदायस्तरमा जनचेतना कार्यक्रम सञ्चालन गर्ने गरेको खाँडाचक्र नगरपालिकाका कृषि शाखा प्रमुख ध्रुव बरालले बताउनुभयो ।

"विषादीका प्रयोग रोक्नका लागि जनचेतनामूलक अभियान र ओसारपसारमा कडाइ गर्नुपर्छ," उहाँले भन्नुभयो । प्रमुख जिल्ला अधिकारी गोकर्णराज सुयलले खाद्यबालीमा जथाभावी विषादीको प्रयोग नगर्न अभियानमार्फत सबैलाई आग्रह गर्नुभयो । ***रासस***

। सम्पादकीय ।

## समाजवादी राज्य व्यवस्था स्थापना गर्नु आजको आवश्यकता

असार २२ गते प्रकाशित 'गोरखापत्र' दैनिकमा 'अमेरिकामा कम्युनिस्टलाई कुनै स्थान छैन : ट्रम्प' शीर्षकमा समाचार प्रकाशित भयो । अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकाको २५० औँ स्वतन्त्रता दिवसको अवसरमा राष्ट्रका नाममा सम्बोधन गर्दा व्यक्त गरेको उक्त विचारले अमेरिकी शासक र शासनको स्वरूप उदाङ्गो पारेको छ । संसारको इतिहासमा ट्रम्पले भनेजस्तै साम्यवाद सधैँ हारेको इतिहास छैन । आज संरा अमेरिकामै पनि ट्रम्पको साम्राज्यवादी र तानाशाही कार्यशैलीको विरोधमा लाखौँ अमेरिकी जनताले देशका विभिन्न सहरमा विरोध प्रदर्शनहरू गरिरहेका छन्, ट्रम्प प्रशासनको विरोध गरिरहेका छन् । संरा अमेरिकाको युद्धपिपासु नीतिकै कारण आज विश्वका विभिन्न भागमा अशान्ति र युद्ध भइरहेको छ । ट्रम्प प्रशासनको उदेकलाग्दो 'अमेरिका प्रथम' नीतिले संरा अमेरिका विश्वमा एक्लिँदै गएको छ । आफ्नो साम्राज्यवादी नीति लागू गर्न लक्ष्य हासिल गर्न उसले संसारका सयभन्दा बढी देशमा आफ्नो सेना राखिरहेको छ, ती देशका नागरिकहरूलाई दुःख दिइरहेको छ र एक आपसमा युद्ध गराइरहेको छ । जसबाट ठुलो धनजनको क्षति भइरहेको छ । रुसलाई घेर्ने संरा अमेरिकी नीतिलाई सफल पार्न नाटो देशहरूको सहयोगमा युक्रेनले रुसमाथि गरेको हमला र इरान-अमेरिका-इजरायल युद्ध यसैका उदाहरण हुन् । संसारका न्यायप्रेमी र स्वतन्त्रता चाहने मानिसहरूलाई स्वतन्त्र रूपमा बाँच्नसम्म नदिने अमेरिकी नीति मानव कल्याणतिर नभई नरसंहारतर्फ उन्मुख छ । यसले संसारको कुनै पनि देश र जनताको भलो गर्दैन ।

समाज विकासको क्रममा पुँजीवादभन्दा समाजवाद एक युगले अगाडि बढेको व्यवस्था हो, समाजवादले मानिसहरूलाई शोषणबाट मुक्ति गरी समग्र मानव समाजको कल्याण गरेको इतिहास छ । कुनै साम्राज्यवादी हस्तक्षेप नभएमा स्वाभाविक रूपमा कुनै देशको समाजवाद साम्यवादतिर विकास हुन्छ । पूर्वसोभियत सङ्घ र पूर्वी युरोपीय मुलुकहरूमा समाजवादी व्यवस्थाको अस्थायी हार हुँदा त्यहाँ गरिबी, बेरोजगारी र महँगी असीमित रूपमा वृद्धि भयो । ती देशमा धनी र गरिबहरूबिचको खाडल तुलना नै गर्न नसकिने गरी फराकिलो भयो । सीमित व्यक्तिको हातमा राज्यको सम्पत्ति र स्रो साधनहरू थुप्रिन गएको छ । ती देशमा समाजवाद रक्षात्मक स्थितिमा भए पनि कामदार जनता समाजवादको निम्ति सङ्घर्ष गर्दै छन् ।

पुँजीवादी देशहरूले २/३ सय वर्ष लगाएर गरेको विकास (प्रगति) समाजवादी देश सोभियत रुसले ३०-४० वर्षभित्रै गरेर देखायो । त्यस्तै, चीनमा समाजवादी व्यवस्थाकै कारण आज संरा अमेरिकापछिको दोस्रो धनी मुलुक बनेको छ । विज्ञान र प्रविधिको विकासमा चीन अग्रपङ्क्तिमा पुगेको छ । चिनियाँ जनताले संसारका सारा देशका नागरिकहरूलाई सहयोग पुऱ्याइरहेको छ ।

पहिलो र दोस्रो विश्व युद्ध पुँजीवादी देशहरूको स्वार्थकै कारण भएको थियो । जसले सारा संसारलाई दुःख र कष्टको समुद्रमा डुबायो । अहिले तेस्रो विश्व युद्ध सुरु भयो भने परिणाम झन् भयङ्कर हुनेछ । स्वाभाविक रूपमा अमेरिकी घमण्डले संरा अमेरिकी साम्राज्यवाद पतन हुने निश्चित छ । अहिले संरा अमेरिका व्यापारिक क्षेत्रमा कमजोर हुँदै गएको छ । उसले आफ्ना मित्र देशहरू गुमाउँदै छ र व्यापार घट्दै गएको छ, आर्थिकरुपमा अमेरिका कमजोर हुँदै गएको छ । त्यसैले विज्ञान र प्रविधिको विकास गरी विश्वका सबै देशका नागरिकहरूको कल्याण हुने समाजवादी राज्य व्यवस्था स्थापना गर्नु आजको आवश्यकता हो ।

# लेबनान–इजरायल सम्झौताले अर्को युद्धको बाटो तयार गर्दै छ !



✍ सामी हलाबी

***(यस सम्झौताले सुनिश्चित गरेको छ कि यसको दोष लेबनानलाई लगाइनेछ ।)***

महिनौँसम्मको युद्ध, दबाब र कूटनीतिक (Choreography) नाटकपछि, लेबनानले प्रभावकारी रूपमा इजरायलसँग आशयको घोषणा (Declaration of Intent) मा प्रवेश गरेको छ । प्रतिक्रियाहरू तुरुन्तै आए : हिज्बुल्ला र उसका सहयोगीहरूलगायत लेबनानका राजनीतिक पात्रहरूको व्यापक निन्दा, सडकमा विरोध प्रदर्शनहरू र सञ्चारमाध्यममा आलोचना ।

हस्ताक्षर गरिएको दस्तावेजमा धेरै समस्याहरू छन् । यो अवास्तविक छ, राजनीतिक रूपमा विस्फोटक छ र संवैधानिक रूपमा शङ्कास्पद छ । तर, सायद यसको सबैभन्दा खराब पक्ष भनेको यसले नयाँ युद्धको बाटो तयार पार्छ र त्यसको दोष लेबनानलाई लगाइनेछ ।

**असम्भव सम्झौता**

इजरायलले लामो समयदेखि अस्पष्ट शब्दवलीमा आधारित अन्तरिम व्यवस्था, घोषणा र स्थगित प्रश्नहरूको मूल्य बुझ्दै आएको छ । ओस्लो सम्झौता 'सिद्धान्तहरूको घोषणा' शीर्षक दिइयो र यसले "आगामी वार्ताका लागि सामान्य दिशानिर्देशहरू" प्रस्तुत गर्दछ । सिमाना, बसोबास, जेरुशलेम, शरणार्थी, सुरक्षा र सार्वभौमिकता पछिको लागि छोडियो; 'पछि' कहिल्यै आएन । अन्तरिम संरचना वास्तविकतामा परिणत भयो जहाँ इजरायलले कार्य स्वतन्त्रलाई सुरक्षित गर्‍यो, रङ्गभेद (Apartheid) विस्तार गऱ्यो, कब्जा (Occupation) कायम राख्यो, अनन्त भूमि हडप्यो (Endless Land Grabs) र प्यालेस्टिनीहरूलाई उनीहरूले कहिल्यै पूर्ण रूपमा नियन्त्रण गर्न नसक्ने सर्तहरू पूरा नगरेको आरोप लगायो ।

लेबनान प्यालेस्टिन होइन र न त दस्तावेज न त सन्दर्भहरू समान छन् । तर, कूटनीतिक तर्क यति समान छ कि डरलाग्दो छ । लेबनान र इजरायलले "द्वन्द्व अन्त्य गर्ने हाम्रो आकाङ्क्षा" घोषणा गर्दा; तर अन्तिम जवाफ दिन आनाकानी गर्दा, यो लचिलो भएको देखिन सक्ला, तर व्यवहारमा यो सम्भवतः एउटा जाल मात्र हो ।

लेबनानले अहिले स्वीकार गरेको रूपरेखालाई लेखिएअनुसार कार्यान्वयन गर्न असम्भव नभए पनि कठिन हुनेछ । यसको मुख्य कारण भनेको लेबनानी राज्यले केवल आदेश जारी गरेर हिज्बुल्लालाई प्रतिस्थापन गर्न सक्दैन !

हिज्बुल्लाहका हतियारहरू केवल दुःखद सैन्य वास्तविकता मात्र होइनन्; तिनीहरू प्रतिरोध, सामुदायको सुरक्षा र राज्यले आफ्नै भूभागको रक्षा गर्न असफल हुनुको राजनीतिक तर्कमा पनि सम्मिलित छन् । वासिङ्टनमा एउटा कागजातमा हस्ताक्षर गरेर त्यो संरचना भङ्ग गर्न सकिँदैन ।

न त लेबनानी सेना अचानक सबैले चाहेको सार्वभौमप्रतिरोधी शक्ति बन्न सक्छ । किनकि यो अझै पनि आर्थिकरूपमा कमजोर, अत्यधिक बोझग्रस्त, राजनीतिक रूपमा सम्झौता गरिएको छ । साथै इजरायली र अमेरिकी रातो रेखाहरूद्वारा सीमित बाह्य सैन्य सहयोगमा निर्भर रहन्छ ।

व्यवहारमा लेबनानलाई सार्वभौम राज्यको रूपमा कार्य गर्न भनिएको छ जहाँ यसको सार्वभौम क्षमता सबैभन्दा कमजोर छ । उसलाई ती सशस्त्र शक्तिहरू नियन्त्रण गर्न अपेक्षा गरिएको छ जसलाई उसले पराजित गर्न सक्दैन, त्यस्तो शत्रुसँग वार्ता गर्न भनिएको छ जसलाई उसले रोकथाम गर्न सक्दैन र त्यस्ता दायित्वहरू स्विकार गर्न भनिएको छ जसको कार्यान्वयन त्यस्ता शक्तिहरूमा निर्भर छ जसले लेबनानी सार्वभौमिकतालाई प्राथमिकता दिँदैनन् ।

**संवैधानिक चुनौती र रणनीतिक ढिलाइ**

सबैभन्दा खतरनाक धाराहरू ती हुन् जुन युद्धभूमिभन्दा बाहिर पुग्छन् । अन्तर्राष्ट्रिय राजनीतिक वा कानुनी मञ्चहरूमा युद्धरत पक्षहरूलाई 'शत्रुतापूर्ण' वा 'प्रतिकूल' कार्य बन्द गर्न बाध्य पार्ने कुनै पनि भाषाले सामान्य लेबनानी, युद्ध अपराधका पीडितहरू र अन्तर्राष्ट्रिय कानुनका रक्षकहरूलाई सतर्क गराउनुपर्छ ।

लेबनान सैन्य रूपमा इजरायलसँग बराबरी गर्न सक्दैन र त्यसैले उसको बाँकी रहेका उपकरणहरू कूटनीतिक, कानुनी र राजनीतिक मात्र हुन् । 'तनाव घटाउने' (De-escalation) को नाममा लेबनानको अन्तर्राष्ट्रिय फौजदारी अदालतमा प्रवेशलाई रोक्न खोज्नु भनेको राज्यलाई त्यही क्षेत्रहरूमा निःशस्त्र बनाउनु हो जहाँ अझै केही प्रभाव छ ।

त्यहाँ एउटा गहिरो संवैधानिक समस्या पनि छ । प्रतिवादको स्तरलाई ध्यानमा राख्दै लेबनानी राष्ट्रपति र प्रधानमन्त्रीले अन्ततः घोषणालाई बाध्यकारी सम्झौताको भन्दा राजनीतिक समझदारीको रूपमा प्रस्तुत गर्न चाहन सक्छन् । तर, नामले समस्या समाधान गर्दैन । यदि पाठले युद्ध र शान्ति, भू-व्यवस्था, अन्तर्राष्ट्रिय दायित्वहरू, सुरक्षा तैनाथी, (सार्वभौम) मान्यता, (सैन्य) फिर्ता वा लेबनानको कानुनी आचरणमा प्रतिबन्धहरूलाई छुन्छ भने, यो अब केवल कूटनीतिक रङ्गमञ्चमात्र रहेन ।

लेबनानको संवैधानिक व्यवस्थाले कुनै एक अधिकारीलाई मात्र यस्ता प्रतिबद्धताहरू गर्ने अधिकार दिँदैन । सन्धि र अन्तर्राष्ट्रिय सम्झौतालाई संस्थागत स्वीकृति चाहिन्छ । युद्ध, शान्ति र राष्ट्रिय सुरक्षासम्बन्धी विषयहरू मन्त्रिपरिषद्को अधिकार क्षेत्रमा पर्छन् र प्रमुख निर्णयहरूका लागि राष्ट्रपतिको इच्छा वा प्रधानमन्त्रीको सहमतिभन्दा बढी चाहिन्छ ।

राज्यको आफ्नै संवैधानिक सुरक्षाहरूभन्दा बाहिर सन्धि-जस्तो दायित्वहरू लुकाउन आशयको घोषणा प्रयोग गर्न सकिँदैन । लेबनानको संविधानले राज्यलाई आफ्नो क्षेत्रीय अखण्डता जोगाउन पनि बाध्य पारेको छ, जसको अर्थ कुनै पनि घोषणाले इजरायली सुरक्षा उपस्थितिलाई चुपचाप सामान्य बनाउन सक्दैन वा हिज्बुल्लाको निःशस्त्रीकरणमाथि इजरायलको मूल्याङ्कनले लेबनानी सार्वभौमिकतालाई शर्त दिन सक्दैन ।

यहीँबाट सम्झौता राजनीतिक रूपमा विस्फोटक बन्छ । हिज्बुल्ला र अमल आन्दोलन, उनीहरूका सहयोगीहरू र अन्य विरोधी पक्षहरूसँग लेबनानको ढिलाइको संयन्त्रमा घोषणालाई धकेल्न हरेक प्रोत्साहन छ । उनीहरूले तर्क गर्न सक्छन्; सही रूपमा, कि यसलाई मन्त्रिपरिषद्को स्वीकृति आवश्यक छ । उनीहरूले यो सामान्यीकरण हो कि होइन भनेर प्रश्न गर्न सक्छन् ।

उनीहरूले इजरायली सैन्य-फिर्ताको बारेमा स्पष्टताको माग गर्न सक्छन् । इजरायललाई कानुनी रूपमा पछ्याउने लेबनानको अधिकारलाई सीमित गर्ने कुनै पनि धाराप्रति आपत्ति जनाउन सक्छन् । उनीहरूले प्रक्रियालाई समितिहरू, संवैधानिक तर्कहरू र प्रक्रियागत पक्षाघातमा तान्न सक्छन् ।

सामान्यतया, यसलाई लेबनानको राजनीतिक अस्थिरताको अर्को उदाहरणको रूपमा लिइनेछ । यस अवस्थामा, विडम्बना अझ तिखो छ : ढिलाइ उपलब्ध सबैभन्दा कम खतरनाक विकल्प हुन सक्छ ।

**अर्को युद्ध तयार पार्दै**

वास्तविक सम्झौता बेरुतमा तय भइरहेको छैन । यो संयुक्त राज्य अमेरिका, इरान र मध्यस्थकर्ताहरू सम्मिलित व्यापक क्षेत्रीय प्रक्रियामार्फत आकार दिइँदैछ । वास्तविक सम्झौता लेबनानले के हस्ताक्षर गरेको कुरा होइन; तर तेहरानले हिज्बुल्लालाई के गर्न निर्देशन दिन्छ; वासिङ्टनले के ग्यारेन्टी गर्न इच्छुक छ; इजरायलले के उपलब्धि हात पार्छ भन्ने विश्वास गर्छ र अमेरिका-इरानको व्यापक समझदारीले अर्को क्षेत्रीय तनाव रोक्न पर्याप्त समयसम्म कायम रहन्छ कि रहँदैन भन्ने हो ।

छोटो अवधिमा, इस्लामाबाद प्रक्रियाअन्तर्गत हुने घटनाक्रम घोषणाको भाषाभन्दा धेरै महत्त्वपूर्ण छ । यदि क्षेत्रीय प्रक्रिया प्रारम्भिक ६० दिनभन्दा बढी समयसम्म विस्तार गरिन्छ भने, हिज्बुल्लाले पाठलाई आत्मसात गर्न सक्छ, खुला टकरावबाट टार्न सक्छ र प्रतिक्षा गर्न सक्छ । तर, यदि यो भङ्ग भयो भने, घोषणाले युद्धभूमिमा नियन्त्रण गर्न सक्नेछैन ।

यस तरिकाले दस्तावेजमा हस्ताक्षर गरेर, समयसँगै इतिहासको फोहोरदानीमा फ्याँकिने आशा राख्दै, लेबनान सरकारका प्रमुखहरूले आफूहरूले समय किनिरहेका छन् भन्ने विश्वास गर्न सक्छन् र सायद उनीहरूले गरे पनि होलान् । तर, उनीहरूले यसलाई यस्तो दस्तावेजसँग समय किनिरहेका छन्, जुन यसलाई सिजर्ना गर्ने राजनीतिक क्षणभन्दा पनि लामो समयसम्म जीवित रहन सक्छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई आफूले केही हासिल गरेको अनुभूति गराउनाले केही महिनाको समय किनिदिन सक्छ । यसले लेबनानलाई इजरायली चुनावी क्यालेन्डर, अमेरिकी मध्यावधि चुनाव वा अमेरिका-इरान प्रक्रियाको अर्को चरणसम्म पुग्न मद्दत गर्न सक्छ । हिज्बुल्ला, इजरायल, वासिङ्टन र तेहरानबिच सन्तुलन खोज्ने राष्ट्रपति र प्रधानमन्त्रीका लागि यो रणनीतिक रूपमा बुझ्न सकिने कुरा पनि हुनसक्छ । तर, यी सबैको मूल्य चुकाउनुपर्छ ।

यो सम्झौता जति नै कमजोर भए पनि, लेबनानले कुनै परिणामबिनाको प्रतीकात्मक सम्झौतापत्रमा हस्ताक्षर गरेको होइन । यदि हिज्बुल्लाले पालना गरेन भने; इरानले निर्देशन नदिएसम्म हिज्बुल्लाले यो खेलमा सार्थक रूपमा भाग लिँदैन भने; इजरायलले घोषणालाई देखाएर भन्न सक्छ कि लेबनान असफल भयो । यदि स्रोतहीन लेबनानी सेनाले आवश्यक मात्रामा तैनाथ गर्न सकेन भने, इजरायलले भन्न सक्छ कि लेबनान असफल भयो । यदि बेरुतले अन्तर्राष्ट्रिय कानुनी मञ्चहरूमा इजरायललाई पछ्यायो भने, इजरायलले भन्न सक्छ कि लेबनानले खराब नियत देखायो । यदि बेरुतले इजरायली सुरक्षा सर्तहरू स्वीकार गर्न अस्वीकार गऱ्यो भने, इजरायल भन्न सक्छ कि लेबनान शान्तिबाट टाढा भयो ।




**फोटो :** अमेरिकाका लागि इजरायलका राजदूत येचिएल लेइटर र अमेरिकाका लागि लेबनानका राजदूत नादा हमादेहले जून २६, २०२६ मा वासिङ्टनको विदेश विभागमा एक सम्झौतामा हस्ताक्षर गरे ।

त्यसैले घोषणाले युद्ध रोक्दैन । बरु यसले कानुनी र राजनीतिक भाषा सिर्जना गर्छ जसको माध्यमबाट अर्को युद्धलाई जायज ठहऱ्याइनेछ ।

दुर्भाग्य यो हो कि लेबनानलाई वर्षौँदेखि इजरायलले सार्वभौमिकता उल्लङ्घन गरेको, हिज्बुल्लाले भित्री रूपमा कमजोर पारेको, क्षेत्रीय शक्तिहरूले चलाएको र आफ्नै राजनीतिक वर्गले बेवास्ता गरेको अवस्थापछि अन्ततः लेबनानलाई राज्यको रूपमा काम गर्न आमन्त्रित गरिएको छ । तर, त्यो क्षणलाई वास्तविक सार्वभौमिकतको लागि के चाहिन्छ भनेर परिभाषित गर्नुको सट्टा । जस्तै कि आवश्यक एक सक्षम सेना, संवैधानिक प्रक्रिया, रक्षा सिद्धान्त, कानुनी जवाफदेहिता, भौगोलिक अखण्डता र आन्तरिक सहमतिबेगर यसले त्यस्तो ढाँचामा प्रवेश गरेको छ जसले हाल त्यो सार्वभौमिकता कति न्यून मात्रामा अस्तित्वमा छ भनेर उजागर गर्छ ।

***(केन सेडेनो/रोयटर्स)***

**सन्दर्भ : क्लारा जेटकिन जन्म दिवस (जुलाई ५)**

# महिला नेतृ क्लारा जेटकिन

क्लारा जेटकिन मार्क्सवादी चिन्तक, सिद्धान्तकार र समाजवादी अग्रणी महिला नेतृ थिइन्। उनले सदैव महिला अधिकारको वकालत गरिन्। क्लारा जर्मन र अन्तर्राष्ट्रिय श्रमिक आन्दोलनकी र महिला श्रमिक आन्दोलनकी एक प्रमुख सङ्घर्षशील नेतृ थिइन्। उनी अन्तर्राष्ट्रिय महिला दिवसको सुरुवात गराउने विश्व प्रसिद्ध महिला नेतृ थिइन्।

क्लाराको जन्म ५ जुलाई १८५७ मा जर्मनीको सेक्सोनी प्रान्तमा भएको थियो। उनका पिता गोटफ्राइड आइजनर एक शिक्षक थिए। उनकी आमा जोसफिन विटाले शिक्षित महिला थिइन्।

क्लाराले आफ्नो पढाइ सन् १८७२ बाट 'लीपजिङ टीचर्स कलेज फर उमन्स' बाट सुरु गरेकी थिइन्। स्कूलकै समयमा उनी सन् १८७४ मा जर्मनीको मजदुर आन्दोलन र महिला आन्दोलनसँग जोडिन्। सन् १८७८ बाट क्लारा समाजवादी श्रमिक पार्टीमा जोडिन् र यो पार्टीको नाम पछि सामाजिक-जनवादी राखियो।

त्यतिखेरको प्रसिया (जर्मनी) का शासक बिस्मार्कले समाजवादी पार्टीको गतिविधिमा नियन्त्रण गरेकोले सन् १८८२ मा क्लारा ज्यूरिच गइन् र पछि फेरि पेरिस गइन्। त्यहाँ उनले पत्रकारिता र अनुवादको अध्ययन गरिन्। पेरिस प्रवासको क्रममा उनले समाजवादी अन्तर्राष्ट्रिय समूहको स्थापना गर्नमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिन्। सन् १८८९ को जूनमा उनका पति ओसिप जेटकिनको बिरामी भएर निधन भएपछि उनी स्टुटगार्ट गइन्। त्यहाँ उनले पछि कलाकार जर्ज फ्रेडरिक जुडेलसँग दोस्रो विवाह गरेकी थिइन्।

क्लारा जेटकिनको सक्रिय राजनीतिक यात्रा ओसिप जेटकिनसँग भेटेपछि भएको थियो। दुवैको विवाहपछि क्लाराले सुरुमा समाजवादी पार्टीका केही बैठकमा भाग लिइन्। उनले मार्क्सवादी विचारअन्तर्गत महिला मुक्ति र समाजमा परिवर्तनको लागि आफ्नो जीवन समर्पित गर्ने निर्णय गरिन्।

सामाजिक जनवादी पार्टीमा जेटकिनकी नजिककी साथी र विश्वासपात्रहरूमध्ये रोजा लक्जेम्बर्ग थिइन्। सन् १८८० मा जर्मनीमा क्रान्तिकारीहरूलाई तत्कालीन शासकले दमन गर्न थालेपछि जेटिकनले जर्मनी छोड्ने स्थिति बन्यो। यस क्रममा उनी स्वीट्जरल्यान्ड र फ्रान्समा बसिन्।

लगभग एक दशकपछि उनी पुनः जर्मनी फर्किन् र जर्मनीको सामाजिक-जनवादी पार्टीको महिलाको अखवार डाई ग्लीचीट (समानता) को सम्पादक बनिन्। त्यसपछि उनले सन् १८७४ बाट जर्मनीमा महिला आन्दोलन र श्रमिक आन्दोलनसँग सम्बन्ध स्थापना गरिन्। सन् १८७८ मा उनी सोसलिस्ट वर्कर्स पार्टीमा सामेल भइन्।

यो पार्टीको स्थापना सन् १८७५ मा लासालको पार्टी एडीएभी र लिब्नेख्तको एसडीएपी पार्टीहरूलाई मिलाएर भएको थियो। सन् १८९० मा यसको नाम बदलेर जर्मनीको सामाजिक-जनवादी पार्टी (एसडीपी) राखियो।

सन् १८९८ मा क्लाराको एक क्रान्तिकारी महिला नेतृ रोजा लक्जेम्बर्गसँग असल सम्बन्ध स्थापित भएको थियो, जुन रोजाको मृत्यु नहुञ्जेलसम्म कायम रह्यो। रोजाले क्लारालाई धेरै ऊर्जापूर्ण ढङ्गले सहयोग गरिन्। संशोधनवादविरूद्धको बहसमा दुवै महिला नेतृले संयुक्तरूपमा बर्नस्टीनका सुधारवादी सिद्धान्तहरूमाथि आक्रमण गरेकी थिइन्। उनीहरूले क्रान्तिकारी विचारलाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका खेले।

समाजवादको माध्यमबाट महिलाहरूलाई समान अधिकार र मताधिकार दिने पक्षमा उनी दृढतापूर्वक लडिन्। उनले जर्मनीमा सामाजिक-जनवादी महिला आन्दोलनलाई विकास गर्न सहयोग गरिन्।

सन् १९०७ मा क्लारा सामाजिक-जनवादी पार्टीको नवस्थापित कार्यालयमा महिला कार्यालयको प्रमुख नेता बनिन्।

क्लाराले सुरुदेखि नै महिला आन्दोलनमा सक्रिय भूमिका खेल्दै आएकी थिइन्। उनी महिलाहरूको लागि समान हक-अधिकार दिलाउनमा धेरै सक्रिय थिइन्। उनले सन् १९०७ मा नै भएको पहिलो अन्तर्राष्ट्रिय महिला सम्मेलनमा पनि भाग लिएकी थिइन्।

सन् १९१० को अगस्टमा डेनमार्कको कोपनहेगनमा भएको समाजवादीको दोस्रो अन्तर्राष्ट्रियको आम बैठकभन्दा पहिले एक अन्तर्राष्ट्रिय महिला सम्मेलनको आयोजना गरिएको थियो। यो बैठकमा नै अन्तर्राष्ट्रिय महिला दिवसको स्थापनाको प्रस्ताव राखियो। केही हदसम्म अमेरिकी समाजवादीहरूको कामबाट प्रेरित भएर जेटकिन, केट डङ्कर र अन्यले हरेक वर्ष एक विशेष महिला दिवस मनाउने कुराको प्रस्ताव राखेका थिए। तर, त्यो सम्मेलनमा निश्चित दिन भने तोकिएको थिएन। यो सम्मेलनमा १७ देशका १०० महिला सङ्गठनले समान अधिकार र भोटको अधिकारको लागि निर्मित विचारसँग सहमति गरे। त्यसपछि सन् १९११ मार्च १९ मा अन्तर्राष्ट्रिय महिला दिवसलाई पहिलोपटक अस्ट्रिया, डेनमार्क, जर्मनी र स्वीट्जरल्यान्डमा दसौँ लाखको उपस्थितिमा मनाइएको थियो।

क्लारा पुँजीवादी नारीवादको विरूद्धमा थिइन् र यसलाई उनी मजदुरवर्गको एकतालाई ध्वस्त पार्ने हतियार ठान्थिन्। उनका अनुसार बुर्जुवा नारीवाद र सर्वहारा महिला आन्दोलन दुई मौलिकरूपले भिन्न आन्दोलन हुन्। क्लाराको मतमा बुर्जुवा नारीवादीहरूले पुँजीवादको अस्तित्वमाथि प्रश्न नउठाइकन लिङ्गको बिचमा द्वन्द्वलाई बढाए र आफ्नो वर्गका पुरूषहरूको विरूद्धमा सङ्घर्षको माध्यमबाट सुधारलाई दबाए। यसको विपरीत श्रमिक महिलाहरूले वर्गको विरूद्ध वर्गसङ्घर्षको माध्यमबाट र आफ्नो वर्गका पुरूषसँग संयुक्त लडाइँ मा पुँजीवादीहरूभन्दा अगाडि निक्लने कोसिस गरेका छन्।

क्लाराका अनुसार महिलाहरूको उत्पीडनलाई सही अर्थमा समाप्त गर्ने एकमात्र मार्ग भनेको समाजवाद हो। उनको प्राथमिक उद्देश्य महिलाहरूलाई घरबाट बाहिर निकालेर सक्रिय बनाउनु थियो, जसबाट महिलाहरूले आफ्नो स्थितिमा सुधार गर्नको लागि ट्रेड युनियन र अन्य श्रमिक अधिकार सङ्गठनमा भाग लिन सकून्। क्लाराको विचारमा समाजवादी आन्दोलन महिला उत्पीडनलाई कम गर्नको लागि हुनुपर्दछ; समाजवादी आन्दोलन महिलाहरूलाई समाजवादतिर एक सामान्य कदममा सामेल गरेपछि मात्र प्रबल हुन्छ, नभए पछिको कानुनले उनीहरूलाई सजिलैसँग खत्तम गरिदिन्छ।

क्लारा पहिलो विश्वयुद्धको विरूद्धमा थिइन्। सन् १९१५ मा उनले बर्लिनमा प्रथम विश्वयुद्धको युद्धविरोधी गतिविधिमा अन्तर्राष्ट्रिय समाजवादी युद्धविरोधी महिला सम्मेलनको आयोजना गरिन्। पुँजीवादीहरूले आफ्नो मुनाफा बढाउन युद्ध भड्काएका हुन् भनेर उनले यसको घोर विरोध गरिन्। उनले भनिन्, यो युद्धमा श्रमिकहरूले केही पनि हासिल गर्दैनन् तर उनीहरूले आफ्ना प्रिय सबै कुरा गुमाउनुपर्दछ। युद्धविरोधी विचार व्यक्त गरेकोले उनलाई धेरैपटक गिरफ्तार पनि गरिएको थियो।

उनले समाजवादी महिलाहरूको अन्तर्राष्ट्रिय ब्युरोको सचिवको रूपमा समाजवादी महिला सम्मेलनको आयोजना



गरिन् र बुर्जुवा नारीवादी स्थितिको विरूद्धमा लडिन्। सन् १९१६ मा उनलाई हिरासतमा लिइएको थियो तर बिरामी भएको कारण छोडियो।

सन् १९१६ मा क्लारा स्पार्टावादी लीग र स्वतन्त्र सामाजिक जनवादी पार्टीको सहसंस्थापक बनिन्। सन् १९१८ को जर्मनीको क्रान्तिपछि सन् १९१९ मा जर्मनी कम्युनिस्ट पार्टीको स्थापना भयो र उनी त्यसमा जोडिइन्। सन् १९२० मा उनले महिलाको सवालमा लेनिनसँग अन्तर्वार्ता लिएकी थिइन्। सन् १९२१ देखि १९३३ सम्म उनी कम्युनिस्ट अन्तर्राष्ट्रियको कार्यकारी समितिको सदस्य पनि रहिन्।

उनले महिलाहरूको लागि एक अन्तर्राष्ट्रिय सचिवालयको अध्यक्षता पनि गरिन्, जसलाई अक्टोबर १९२० मा कम्युनिस्ट अन्तर्राष्ट्रियद्वारा बनाइएको थियो। जून १९२१ मा अन्तर्राष्ट्रिय सम्मेलन भएको थियो। मस्कोमा भएको कम्युनिस्ट महिलाहरूको बैठकको अध्यक्षता उनैले गरेकी थिइन्। त्यस बैठकले अन्तर्राष्ट्रिय महिला दिवस ८ मार्चमा मनाउने निर्णय गरेको थियो। त्यहीबाट ८ मार्च अन्तर्राष्ट्रिय महिला दिवस बन्न गयो।

सन् १९२५ मा उनी जर्मन वामपन्थी सङ्गठनको अध्यक्ष चुनिएकी थिइन्। क्लाराले फासीवादको विरूद्धमा पनि दृढतापूर्वक सङ्घर्ष गरिन्। उनलाई सन् १९२७ मा अर्डर अफ लेनिन र सन् १९३२ मा अर्डर अफ रेड ब्यानरले सम्मान गरिएको थियो।

सन् १९३३ मा जर्मनीमा हिटलरको आगमनपछि कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगायो। त्यसपछि क्लारा निर्वासनमा सोभियत सङ्घ गइन्, त्यही वर्ष जून २० मा ७६ वर्षको उमेरमा मस्को नजिकै अर्खान्जेल्सकोयमा उनको निधन भयो। उनी धेरै चर्चित कम्युनिस्ट महिला नेतृ थिइन्। उनको अन्तिम श्रद्धाञ्जलीको लागि युरोपबाट धेरै कम्युनिस्ट नेता आएका थिए।

**अन्तर्राष्ट्रिय महिला दिवस - ८ मार्च**

अन्तर्राष्ट्रिय महिला दिवसको मुख्य उद्देश्य महिलाहरूमा हुने भेदभावलाई हटाएर समाजमा बराबर हक दिलाउनु हो। समाज विकास, नीति-निर्माण र नेतृत्व तहमा महिलाहरूको पनि उत्तिकै अधिकार हुन्छ भन्ने कुरा स्पष्ट पार्नु पनि महिला दिवसको औचित्य हो। आफ्नो हकअधिकार खोसिएकोले यसको विरूद्ध सबै एकताबद्ध भएर सङ्घर्ष गर्नु पनि यसको उद्देश्य हो।

आजको संसारमा महिलाहरू पनि समाजसँगै देश निर्माणमा पनि आफ्नो अमूल्य योगदान दिइरहेका छन्। महिलाहरू घरमा मात्र सीमित छैनन्। राजनीति, विकास निर्माण, कर्मचारी, खेलकुद, शिक्षा, स्वास्थ्य, विज्ञान, सामाजिक कार्यजस्ता हरेक क्षेत्रमा महिलाहरूले पनि धेरै सफलता हासिल गरेका छन्। यसको अतिरिक्त उनीहरूले देशविदेशमा धेरै ठुलो भूमिका निर्वाह गरिरहेका छन्।

धेरै देशमा अझै महिलाहरूको अधिकार सङ्कुचित छ। कतिपय ठाउँमा महिलाहरू घरेलु हिंसाको शिकार भएका छन्। विभिन्न प्रकारका कुरीति र कुसंस्कारले उनीहरूलाई धेरै प्रताडित बनाएको छ। शिक्षा हासिल गर्ने कुराबाट महिलाहरूलाई वञ्चित गराइएको छ। महिलाहरूलाई पुरूषको संरक्षणमा मात्र कुनै पनि काम गर्न दिइन्छ। उनीहरूलाई धेरजसो घरमा सीमित राखिन्छ। अझ कतिपय महिलालाई पूरै अनुहार ढाकेर हिँड्न विवश बनाइन्छ।

त्यसकारण, हरेक क्षेत्रमा महिलाहरूको सहभागिता बढाउनको लागि, महिलाहरूप्रति समाज र देशलाई जागरूक गराउनको लागि र उनीहरूलाई आवश्यक हक अधिकार र सम्मान उपलब्ध गराउनको लागि नै हरेक वर्ष ८ मार्च मा अन्तर्राष्ट्रिय महिला दिवस मनाइन्छ। यो दिन देश र समाजको विकासमा महिलाहरूको योगदानलाई स्मरण गरिन्छ र उनीहरूलाई आफ्ना अधिकार र सम्मानप्रति जागरूक गराइन्छ।

अन्तर्राष्ट्रिय महिला दिवसको जग क्लारा जेटकिनले राखेकी हुन्। तर, यसको सुरुवात भने मजदुर आन्दोलनको रूपमा भएको थियो। महिलाहरू इतिहासको धेरै समय आफ्ना सम्पूर्ण अधिकारबाट वञ्चित रहेका थिए। उनीहरूलाई पुरूष समान अधिकार दिइएको थिएन। उनीहरूलाई दोस्रो दर्जाको व्यवहार गरिन्थो। उनीहरूलाई काम बढी समय गर्न लगाइन्थ्यो र ज्याला पनि कम दिइन्थ्यो। उनीहरूलाई भोट दिने अधिकार पनि थिएन।

यस्तो बेलामा महिलाहरूको बिचमा भारी अशान्ति र आलोचनात्मक बहसहरू भइरहेका थिए। महिला उत्पीडन र असमानताले उनीहरूलाई परिवर्तन अभियानमा सक्रिय हुन प्रेरित गरिरहेको थियो।

यही बेला सन् १९०८ मा अमेरिकाको न्यूयोर्कमा लगभग १५ हजार महिलाहरूले कामको घण्टा कम गरियोस्, उनीहरूलाई उचित तलब प्राप्त होस् र उनीहरूलाई भोट दिने अधिकार पनि दिइयोस्, आदि माग राखेर आन्दोलन गरे। यसको एक वर्षपछि सन् १९११ मा अमेरिकाको समाजवादी पार्टीले २८ फेब्रुअरी मा पहिलो राष्ट्रिय महिला दिवस मनाउने घोषणा गऱ्यो।

अन्तर्राष्ट्रिय महिला दिवस मनाउने सुझाव सबभन्दा पहिले समाजवादी क्रान्तिकारी महिला नेतृ क्लारा जेटकिनले दिएकी थिइन्। उनले महिला दिवसको प्रस्ताव एक श्रमिक महिलाहरूको लागि डेनमार्कको राजधानी कोपनहेगनमा सन् १९१० मा आयोजना गरिएको अन्तर्राष्ट्रिय सम्मेलनमा गरेकी थिइन्। सुरुमा क्लारा जेटकिनले अन्तर्राष्ट्रिय महिला दिवस मनाउने सुझाव दिँदा यसको लागि कुनै मिति तोकिएको थिएन। उनले भनेकी थिइन्, आफ्ना मागहरूलाई जोड दिनको लागि हरेक वर्ष हरेक देशमा एकै दिन महिला दिवस मनाइनुपर्दछ।

त्यस सम्मेलनमा करिब १७ देशका १०० भन्दा बढी महिला प्रतिनिधिहरू उपस्थित थिए, जसले ट्रेड युनियन, समाजवादी पार्टी, श्रमिक महिला आदि सङ्गठनको प्रतिनिधित्व गर्थे।

जेटकिनको सुझावलाई सर्वसम्मतिले अनुमोदन गरियो। क्लाराकै प्रस्तावअनुसार सन् १९११ को मार्च १९ मा सबभन्दा पहिले जर्मनी, अस्ट्रिया, डेनमार्क, स्वीट्जरल्यान्ड आदि देशहरूले अन्तर्राष्ट्रिय महिला दिवस मनाएका थिए। यसमा दस लाखभन्दा बढी महिला र पुरूषहरूसमेतले भाग लिएका थिए। उनीहरूले यहाँ महिलाहरूलाई काम गर्ने, भोट दिने, प्रशिक्षित हुने, सार्वजनिक कार्यालय सम्हाल्ने र भेदभावलाई समाप्त गर्ने अधिकारको सुनिश्चित गर्ने कुराको प्रचार गर्दै ऱ्याली गरेका थिए।

पहिलो विश्वयुद्धको पूर्वसन्ध्यामा शान्तिको लागि अभियान चलाउँदै रूसी महिलाहरूले २३ फेब्रुअरीमा आफ्नो पहिलो अन्तर्राष्ट्रिय महिला दिवस मनाएका थिए। सन् १९१४ मा सम्पूर्ण युरोपमा युद्धको विरूद्धमा महिलाहरूले अभियान चलाउने र एकबद्धता व्यक्त गर्नको लागि ऱ्यालीहरू आयोजना गरेका थिए।

सन् १९१७ मा रूसमा बोल्शेभिक क्रान्तिको बेलामा रूसी श्रमिक महिलाहरूले रोटी र शान्तिको माग गर्दै जार निकोलस द्वितीयको विरूद्धमा अन्य मजदुरहरूसँगै आन्दोलनमा अग्रणी भूमिका निभाए। बोल्सेभिक पार्टीको विरोधको बाबजुद उनीहरूले अन्तर्राष्ट्रिय महिला दिवसको प्रदर्शनलाई एक सामूहिक हडतालमा बदलिदिए, जसले पेट्रोग्रादका सम्पूर्ण श्रमिक वर्गलाई प्रभावित बनायो। यो आन्दोलनमा महिलाहरूको अत्यन्तै महत्त्वपूर्ण भूमिका रह्यो र रूसी क्रान्तिको जन्मसँगै निकोलसले आफ्नो राज्य छोड्नुपर्यो। त्यसपछि बनेको अस्थायी सरकारले महिलाहरूलाई पनि भोट दिने अधिकार प्रदान गरेको थियो।

रूसमा यो आन्दोलन हुँदा जुलियन क्यालेन्डरअनुसार २३ फेब्रुअरी थियो, तर धेरै देशमा प्रयोग हुने ग्रेगोरियन क्यालेन्डरअनुसार त्यो दिन ८ मार्च थियो। त्यसकारण, ८ मार्चलाई नै अन्तर्राष्ट्रिय महिला दिवसको रूपमा मनाउन लागियो।

जून १९२१ मा क्लारा जेटकिनले मार्च ८ लाई आधिकारिक बनाउनको लागि काम गरिन्। जेटकिनको अध्यक्षतामा मस्कोमा आयोजित कम्युनिस्ट महिलाहरूको दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनमा के घोषणा गरियो भने भविष्यमा ८ मार्चलाई संसारभरि अन्तर्राष्ट्रिय महिला दिवसको रूपमा मनाइनेछ। त्यसबेलादेखि संसारका देशहरूमा ८ मार्चमा अन्तर्राष्ट्रिय महिला दिवस समारोह आयोजना गरिन्छ, जसले श्रमिक महिलाहरूको क्रान्तिकारी क्षमताको वार्षिक स्मरणको रूपमा कार्य गर्दछ।

अन्तर्राष्ट्रिय महिला दिवस सुरुदेखि नै श्रमिक महिला दिवस थियो। यसको तत्कालिन उद्देश्य सार्वभौमिक महिला मताधिकार प्राप्त गर्नु थियो। तर, यसका आकाङ्क्षाहरू धेरै थिए, जसअनुसार पुँजीवादलाई उखेलेर फ्याँक्नु र समाजवादको विजय गर्नु, शिक्षा र हेरविचारको कार्यको सामाजिकीकरणको माध्यमबाट श्रमिकहरूको ज्याला, दासता र महिलाहरूको घरेलु दासता दुवैलाई समाप्त गर्नु थियो।

सन् १९७५ बाट संयुक्त राष्ट्र सङ्घले हरेक वर्ष अन्तर्राष्ट्रिय महिला दिवस मनाउने घोषणा गऱ्यो र त्यसबेलादेखि यो दिवस हरेक वर्ष ८ मार्चमा संसारका प्रायः सबै देशले आ-आफ्नो तरिकाबाट मनाउँदै आइरहेका छन्। सन् १९९६ मा पहिलोपटक यो दिवसको उद्देश्यलाई पूरा गर्नको लागि एक थीम राखियो, जुन अतीतको पर्व, भविष्यको लागि योजना थियो। यसपछि हरेक वर्ष यो दिवसको लागि एक मूल विषयवस्तु घोषणा गरिँदै आएको देखिन्छ।

यसरी अहिले हरेक वर्षको ८ मार्चमा अन्तर्राष्ट्रिय महिला दिवस प्रायः सबै देशमा मनाइन्छ। यो दिन महिलाका महत्त्वपूर्ण उपलब्धिहरूको सम्मान गर्न र लैङ्गिक समानताको लागि समर्पण गरिन्छ। यस दिनमा महिला भेदभाव र लैङ्गिक असमानताको विरूद्धमा दृढतापूर्वक सङ्घर्ष गरेका एवं भूमिका निर्वाह गरेका तमाम महिलाहरूको शक्ति र क्षमताको उच्च मूल्याङ्कन तथा सम्मान गरिन्छ।

अन्तर्राष्ट्रिय महिला दिवस २०२४ को विषयवस्तु 'इन्स्पायर इन्क्लुजन' रहेको छ। यसको अर्थ महिलाहरूको मूल्य बुझ्नु र अरूलाई पनि यसको लागि प्रेरित गर्नु हो। यो थीममा विकासका हरेक पक्षमा महिलाहरूलाई सामेल गर्ने क्षमतालाई पहिचान गर्नको लागि संसारको समाजसँग आग्रह गर्ने कुरामा ध्यान दिइएको छ। उत्कृष्ट संसार निर्माण गर्न यो कुरा आवश्यक हुने मानिएको छ।






उत्तर एटलान्टिक सन्धि सङ्गठन- नाटोको विस्तारविरुद्ध टर्कीएको इस्टानबुल सहरमा विरोध प्रदर्शन गर्दै र नाटोको मिसन कार्यालय घेराउ गर्दै टर्कीका युवाहरू ६ जुलाई २०२६ का दिन । टर्कीए कम्युनिष्ट पार्टी र टर्कीए डेमोक्रेटिक युथ लिगको आह्वानमा उक्त विरोध प्रदर्शन भएको थियो ।

*तस्बिर : डब्ल्यूएफडीवाईको फेसबुक पेज*

# चीनको क्षेप्यास्त्र परीक्षणले बढायो चासो

पेइचिङ, २२ असार (एएफपी) । चीनले सोमबार प्रशान्त महासागरमा रणनीतिक आणविक पनडुब्बीबाट क्षेप्यास्त्र परीक्षण गरेको पुष्टि गरेको छ । परीक्षणअघि नै क्षेत्रका केही राष्ट्रलाई जानकारी गराइएको भए पनि यस कदमले जापानसहितका देशहरूको चिन्ता बढाएको छ र दक्षिण प्रशान्त क्षेत्रमा चीनको बढ्दो सैन्य उपस्थितिमाथि नयाँ बहस सुरु भएको छ ।

चिनियाँ नौसेनाका प्रवक्ता वाङ सुएमेङका अनुसार स्थानीय समयअनुसार दिउँसो १२:०१ बजे पिपुल्स लिबरेसन आर्मी नेभीको रणनीतिक आणविक पनडुब्बीबाट प्रशिक्षण प्रयोजनका लागि सिमुलेटेड वारहेड बोकेको रणनीतिक क्षेप्यास्त्र प्रक्षेपण गरिएको थियो । क्षेप्यास्त्र तोकिएको समुद्री क्षेत्रमा सफलतापूर्वक खसेको उहाँले बताउनुभयो । यो चीनको वार्षिक सैन्य प्रशिक्षण कार्यक्रमअन्तर्गतको नियमित अभ्यास भएको र सम्बन्धित राष्ट्रहरूलाई पूर्वसूचना दिइएको पनि उहाँको भनाइ छ ।

प्रक्षेपण भएको दिन नै चीन र रुसले पूर्वी चीनको प्रमुख नौसैनिक बन्दरगाह छिङदाओबाट संयुक्त वार्षिक नौसैनिक अभ्यास पनि सुरु गरेका छन् । यद्यपि उक्त क्षेप्यास्त्र परीक्षण संयुक्त अभ्यासकै हिस्सा थियो वा थिएन भन्नेबारे पेइचिङले स्पष्ट पारेको छैन ।

जापानले भने परीक्षणको निन्दा गर्दै चीनलाई यस्तो कदम पुनर्विचार गर्न आग्रह गरेको जनाएको छ । पपुवा न्यू गिनीका विदेशमन्त्री जस्टिन टाकाचेन्कोले आफूलाई चिनियाँ राजदूतमार्फत परीक्षणबारे अग्रिम जानकारी दिइएको पुष्टि गर्नुभएको छ । न्युजिल्यान्ड सरकारको एक स्रोतले पनि चीनले सम्भावित अन्तरमहाद्वीपीय ब्यालेस्टिक क्षेप्यास्त्र परीक्षणबारे जानकारी गराएको बताएको छ, यद्यपि क्षेप्यास्त्र खस्ने स्थान खुलाइएको थिएन ।

पेइचिङले पछिल्ला वर्षहरूमा आणविक हतियार र सैन्य क्षमता तीव्र रूपमा विस्तार गर्दै आएको छ । अमेरिकी रक्षा मन्त्रालयका अनुसार सन् २०२३ सम्म चीनसँग ५०० भन्दा बढी आणविक हतियार थिए भने सन् २०३० सम्म त्यो सङ्ख्या एक हजारभन्दा बढी पुग्न सक्ने अनुमान गरिएको छ ।

यसअघि सेप्टेम्बर २०२४ मा चीनको रकेट फोर्सले फ्रेन्च पोलिनेसिया नजिक अन्तर्राष्ट्रिय जलक्षेत्रमा डमी वारहेडसहित लामो दूरीको क्षेप्यास्त्र प्रक्षेपण गरेको थियो । यो चार दशकभन्दा बढी अवधिपछि गरिएको पहिलो यस्ता प्रकारको परीक्षण थियो । विश्लेषकहरूले त्यसबेला थर्मोन्युक्लियर वारहेड बोक्न सक्ने डोङ फेङ-३१ क्षेप्यास्त्र प्रयोग गरिएको अनुमान गरेका थिए ।

गत महिना सार्वजनिक भएको न्युजिल्यान्डको रक्षा बलको आन्तरिक दस्तावेजले पनि प्रशान्त क्षेत्रमा चीनको नौसैनिक गतिविधि र ब्यालेस्टिक क्षेप्यास्त्र परीक्षण अब नियमित बन्दै जाने चेतावनी दिएको थियो । दोस्रो विश्वयुद्धपछि यही क्षेत्रमा भएका आणविक परीक्षणले प्रशान्त टापु राष्ट्रहरूमा गहिरो असर छोडेकाले चीनको बढ्दो सैन्य गतिविधिलाई उनीहरूले विशेष चासोका साथ हेरिरहेका छन् । यद्यपि चीनले अस्पताल, सडक र खेलकुद पूर्वाधारजस्ता विकास परियोजनामार्फत पनि प्रशान्त टापु राष्ट्रहरूसँग आफ्नो प्रभाव विस्तार गर्ने प्रयासलाई निरन्तरता दिइरहेको छ ।

# नाटो शिखर सम्मेलनअघि किएभमा रुसी आक्रमण

किएभ, २२ असार (एएफपी) । टर्कीमा हुने नाटो शिखर सम्मेलनको पूर्वसन्ध्यामा रुसले सोमबार युक्रेनको किएभ क्षेत्रमा ब्यालेस्टिक मिसाइल आक्रमण गर्दा कम्तीमा आठ जनाको मृत्यु भएको छ भने ३४ जना घाइते भएका छन् । राजधानी किएभ र आसपासका क्षेत्रमा एक साताभित्र भएको यो दोस्रो ठूलो आक्रमणले युद्ध थप उग्र बन्दै गएको सङ्केत दिएको छ ।

किएभ क्षेत्रीय सैन्य प्रशासनका प्रमुख तिमुर टाकाचेन्कोका अनुसार आक्रमणबाट चारवटा आवासीय भवनमा आगलागी भएको छ । बुचा जिल्लामा सात जनाको र राजधानी क्षेत्रमा एक जनाको मृत्यु भएको उहाँले जानकारी दिनुभयो । किएभका मेयर भिटाली क्लिट्स्कोले हवाई सुरक्षा प्रणाली सक्रिय गरिएको र सर्वसाधारणलाई सुरक्षित आश्रयस्थलमै बस्न आग्रह गर्नुभयो ।

एएफपीका संवाददाताले सोमबार बिहान हवाई हमलाको चेतावनीपछि राजधानीमा लगातार १० भन्दा बढी विस्फोटको आवाज सुनेका थिए । केही समयपछि फेरि आकाशमा चम्किँदै थप विस्फोट भएको देखिएको थियो ।

यसैबिच, मङ्गलबारदेखि टर्कीको अङ्कारामा सुरु हुने नाटो शिखर सम्मेलनका क्रममा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीबिच युद्धबारे छलफल हुने अपेक्षा गरिएको छ । त्यसपछि ट्रम्पले शान्ति प्रयासलाई पुनर्जीवित गर्ने उद्देश्यले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग पनि वार्ता गर्ने योजना रहेको ह्वाइट हाउसले जनाएको छ ।

यता युक्रेनले पनि पछिल्ला हप्ताहरूमा रुसभित्रका ऊर्जा पूर्वाधारमा आक्रमण तीव्र बनाएको छ । रुसद्वारा नियन्त्रणमा रहेको क्रिमियाको सेवास्तोपोलनजिकै युक्रेनी आक्रमणपछि केही समय विद्युत् आपूर्ति अवरुद्ध भएको स्थानीय अधिकारीहरूले बताएका छन् । मस्कोका मेयर सर्गेई सोब्यानिनका अनुसार राजधानीतर्फ आएका युक्रेनी ड्रोनहरू रुसी हवाई सुरक्षाले खसालेको छ ।

युद्धको मैदानमा पनि तनाव कायम छ । राष्ट्रपति जेलेन्स्कीले रणनीतिक महत्त्वको पूर्वी सहर कोस्ट्यान्टिनिभ्काका लागि लडाइँ जारी रहेको बताउँदै उक्त सहर आफ्नो नियन्त्रणमा रहेको रुसको दाबीलाई अस्वीकार गर्नुभयो । उहाँले नाटो शिखर सम्मेलनअघि मस्कोले थप ठूलो आक्रमणको तयारी गरिरहेको चेतावनीसमेत दिनुभयो ।

शनिबार अमेरिकी स्वतन्त्रताको २५० औं वार्षिकोत्सवका अवसरमा राष्ट्रपति ट्रम्पले पुटिन र जेलेन्स्कीसँग छुट्टाछुट्टै टेलिफोन संवाद गर्नुभएको थियो ।

# इरानका सर्वोच्च नेताद्वारा मोहसेनी-एजेई पुनः न्यायपालिका प्रमुखमा नियुक्त

तेहरान, २२ असार (सिन्ह्वा) । इरानका सर्वोच्च नेता मोजताबा खामेनीले घोलामहोसेन मोहसेनी-एजेईलाई दोस्रो पाँचवर्षे कार्यकालका लागि न्यायपालिका प्रमुखमा पुनः नियुक्त गर्नुभएको छ ।

आइतबार इरानी सञ्चारमाध्यममा प्रकाशित आदेशमा सर्वोच्च नेता खामेनीले मोहसेनी-एजेईले पहिलो कार्यकालमा न्यायपालिकाको नेतृत्व गर्दै गरेको योगदानको प्रशंसा गर्नुभएको छ ।

उहाँले आफ्ना पूर्ववर्ती अली खामेनीद्वारा जारी निर्देशन तथा जुनको अन्त्यमा आफूले व्यक्त गरेका भनाइले इरानको न्यायपालिकामा सुधारका प्रयासलाई थप प्रभावकारी बनाउने विश्वास व्यक्त गर्नुभएको छ ।

जुन २८ मा जारी सन्देशमा सर्वोच्च नेता खामेनीले हालैको युद्धका क्रममा संयुक्त राज्य अमेरिका र इजरायलले गरेका भनिएका 'अपराध' बाट प्रभावित इरानी नागरिकका अधिकारको संरक्षण र पुनःस्थापनाका लागि आवश्यक कानुनी प्रक्रिया अघि बढाउन न्यायपालिकालाई निर्देशन दिनुभएको थियो । साथै, ती घटनाका सम्बन्धमा स्वदेशी तथा अन्तर्राष्ट्रिय अदालतमा गम्भीरतापूर्वक मुद्दा अघि बढाउनुपर्नेमा उहाँले जोड दिनुभएको थियो ।

मोहसेनी-एजेई पहिलोपटक सन् २०२१ को जुलाईमा न्यायपालिका प्रमुख नियुक्त हुनुभएको थियो । इरानको संविधानअनुसार न्यायपालिका प्रमुख नियुक्त गर्ने अधिकार सर्वोच्च नेतामा निहित छ ।

## विश्व सङ्क्षेप

# कम्बोडियाको वन्यजन्तु अध्ययनमा एसियाली हात्तीसहित १४ दुर्लभ प्रजाति फेला

न्होम पेन्ह, २२ असार (सिन्ह्वा) । कम्बोडियाको कार्डामम माउन्टेन्स राष्ट्रिय निकुञ्जमा गरिएको 'क्यामेरा ट्र्याप' अध्ययनमा १४ वटा दुर्लभ तथा लोपोन्मुख वन्यजन्तु प्रजाति फेला परेका छन् । वातावरण मन्त्रालयले सोमबार विज्ञप्ति जारी गर्दै उक्त जानकारी दिएको हो ।

अप्रिलको सुरुदेखि जुनको अन्त्यसम्म सञ्चालन गरिएको अध्ययनले निकुञ्जको समृद्ध जैविक विविधता तथा प्राकृतिक स्रोत संरक्षणको महत्त्वलाई पुनः उजागर गरेको विज्ञप्तिमा उल्लेख छ ।

फेला परेका दुर्लभ तथा लोपोन्मुख प्रजातिहरूमा एसियाली हात्ती, गौर ( जङ्गली राँगो), दक्षिणी सेरो, साम्बर मृग, सन बियर, एसियाली कालो भालु, मार्बल्ड बिरालो, ढोल (जङ्गली कुकुर), स्पटेड लिन्साङ, लामो पुच्छर भएको मकाक, उत्तरी पिग-टेल्ड मकाक, ठूलो भारतीय सिभेट, सुन्डा प्याङ्गोलिन र चिल्लो भुवा भएको ओटर समावेश छन् ।

यसका अतिरिक्त, स्तनधारी, चराचुरुङ्गी र सरीसृप वर्गका अन्य धेरै कम जोखिममा रहेका प्रजातिहरू पनि सो निकुञ्जमा बसोबास गर्ने तथ्य अध्ययनले देखाएको छ ।

वातावरण मन्त्रालयका उपसचिव तथा प्रवक्ता ख्वाइ अतित्याले यी प्रजातिहरूको उपस्थितिले कम्बोडियाको वन्यजन्तु संरक्षणप्रतिको प्रतिबद्धता र भावी पुस्ताका लागि पारिस्थितिक प्रणालीको दिगोपन सुनिश्चित गर्ने सरकारी प्रयासलाई प्रस्ट पार्ने बताउनुभयो ।

# अस्ट्रेलिया र फिजीबिच रक्षा सम्झौता

सुभा, २२ असार (एएफपी) । अस्ट्रेलिया र फिजीले सोमबार रक्षा सहयोगसम्बन्धी नयाँ सम्झौतामा हस्ताक्षर गरेका छन् । दक्षिण प्रशान्त क्षेत्रमा सुरक्षा सहकार्य सुदृढ गर्ने उद्देश्यले भएको यो सम्झौतालाई चीनको बढ्दो क्षेत्रीय प्रभावको पृष्ठभूमिमा महत्त्वपूर्ण रूपमा हेरिएको छ ।

'ओसन अफ पिस' नाम दिइएको सम्झौताअनुसार फिजी अस्ट्रेलियाका सीमित रक्षा साझेदार राष्ट्रहरूको सूचीमा समावेश भएको छ । सम्झौताले दुवै देशलाई पारस्परिक रक्षा तथा सुरक्षा सहकार्य विस्तार गर्न प्रतिबद्ध गराएको छ ।

सन् २०२२ मा चीनले सोलोमन टापुसँग सुरक्षा सम्झौता गरेपछि दक्षिण प्रशान्त क्षेत्रमा चीनको सम्भावित सैन्य उपस्थितिबारे चासो बढेको थियो । त्यसयता अस्ट्रेलियाले पपुवा न्यू गिनी, भानुआटु र टुभालुसँग पनि सुरक्षा तथा रक्षा सहकार्यसम्बन्धी सम्झौताहरू गर्दै आएको छ ।

अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले फिजीको राजधानी सुभामा फिजीका प्रधानमन्त्री सिटिभेनी राबुकासँग उक्त सम्झौतामा हस्ताक्षर गर्नुभएको हो ।

अस्ट्रेलियाको विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उक्त सम्झौताले शान्त, समृद्ध र सुरक्षित दक्षिण प्रशान्त क्षेत्र निर्माण गर्ने दुवै देशको साझा प्रतिबद्धतालाई थप मजबुत बनाउने उल्लेख गरिएको छ ।

# बेलिङ्घमको दुई गोलमा इङल्यान्ड विश्वकपको क्वार्टरफाइनलमा

मेक्सिको सिटी, २२ असार ( एएफपी) । जुड बेलिङ्घमको दुई गोलको मद्दतमा १० खेलाडीमा सीमित इङ्ल्यान्डले सोमबार बिहान भएको खेलमा मेक्सिकोलाई ३-२ ले पराजित गर्दै विश्वकप फुटबलको क्वार्टरफाइनलमा प्रवेश गरेको छ ।

एस्टाडियो एज्टेकामा भएको खेलमा बेलिङ्घमले पहिलो हाफमा ९८ सेकेन्डको अन्तरमा दुई गोल गर्दै इङ्ल्यान्डलाई सुरुआती अग्रता दिलाएका थिए । कप्तान ह्यारी केनले दोस्रो हाफमा पेनाल्टीमार्फत अर्को गोल थपे ।

जारेल क्वान्साहले ५४औं मिनेटमा रातो कार्ड पाएपछि इङ्ल्यान्ड १० खेलाडीमा सीमित भएको थियो । त्यसको छ मिनेटपछि एन्थोनी गोर्डनमाथि भएको फाउलमा प्राप्त पेनाल्टीलाई केनले गोलमा परिणत गर्दै टोलीको अग्रता ३-१ बनाएका थिए ।

मेक्सिकोका लागि जुलियन क्विनोनेस र राउल जिमेनेजले एक-एक गोल गरे । जिमेनेजले दोस्रो हाफमा पेनाल्टीमार्फत गोल गरेका थिए । त्यसपछि घरेलु टोलीले बराबरीका लागि दबाब बढाए पनि इङ्ल्यान्ड अग्रता जोगाउन सफल भयो ।

यो जितसँगै इङ्ल्यान्ड लगातार तेस्रोपटक विश्वकपको क्वार्टरफाइनलमा पुगेको छ । अब उसले अन्तिम आठमा नर्वेको सामना गर्नेछ ।

इङ्ल्यान्डका प्रशिक्षक थोमस टुचेलले कठिन परिस्थितिमा पनि आफ्ना खेलाडीले संयम कायम राख्दै जित निकाल्न सफल भएको प्रतिक्रिया दिनुभयो ।

खेलअघि मेक्सिको सिटीमा आएको आँधीबेहरी र वर्षाका कारण निर्धारित समयभन्दा एक घण्टा ढिलो खेल सुरु भएको थियो । समुद्री सतहबाट दुई हजार २४० मिटर उचाइमा रहेको एज्टेका रङ्गशालामा ८० हजारभन्दा बढी दर्शक उपस्थित थिए ।

इङ्ल्यान्डले खेलको सुरुमै बेलिङ्घमको हेडमार्फत गोल गर्दै अग्रता लिएको थियो । त्यसको केही समयपछि केनको पासमा बेलिङ्घमले व्यक्तिगत दोस्रो गोल गर्दै टोलीको अग्रता दोब्बर बनाए ।

पहिलो हाफको अन्त्यतिर क्विनोनेसले गोल गर्दै मेक्सिकोलाई खेलमा फर्काउने प्रयास गरेका थिए । दोस्रो हाफमा क्वान्साह रातो कार्ड पाएपछि इङ्ल्यान्ड दबाबमा परे पनि केनको पेनाल्टी गोलले टोलीलाई राहत दिलायो ।

अन्तिम २० मिनेटमा जिमेनेजले पेनाल्टीमार्फत मेक्सिकोको दोस्रो गोल गरे पनि इङ्ल्यान्डले बाँकी समय सफलतापूर्वक रक्षा गर्दै अन्तिम आठमा स्थान सुरक्षित गऱ्यो ।

# जलवायुमैत्री प्रविधिको प्रयोगबाट धानमा आत्मनिर्भरताको अपेक्षा

✍ कृष्णराज गौतम

धानबालीको उत्पादनले मात्रै देशको कूल गार्हस्थ्य उत्पादनमा करिब रु. दुई खर्ब बराबरको योगदान गरेको छ। मुलुकको कूल गार्हस्थ्य उत्पादनमा समग्र कृषि क्षेत्रले करिब २३ प्रतिशत हाराहारीमा योगदान गरेको हो।

कृषि विभागले उपलब्ध गराएको तथ्याङ्कअनुसार नेपालमा ४१ लाख ३१ हजार कृषक घरधुरीमध्ये २७ लाख ६५ हजार घरधुरी धानखेतीमा आबद्ध रहेका छन्। कूल खेती गरिएको जमिनमध्ये ५४ प्रतिशतमा धानखेती हुने गरेको विभागका महानिर्देशक प्रकाशकुमार सन्जेलले बताउनुभयो।

कृषि, वन तथा पर्यावरण मन्त्रालयले धानबालीमा आत्मनिर्भरता हासिल गर्न विविध कार्यक्रम सञ्चालन समेत गरेको छ। चैते धानबालीको क्षेत्र विस्तार, उत्पादकत्व वृद्धिका लागि उन्नत बीउ उत्पादन तथा उपयोग प्रवर्द्धन, स्वदेशी उन्नत जात विकास, रासायनिक मल उपलब्धता सुनिश्चितता, प्रविधि प्रसार एवं बजार मूल्य सुनिश्चितताका लागि न्यूनतम समर्थन मूल्य निर्धारणमा मन्त्रालयले कार्य गर्दै आएको छ।

धानबाली सामाजिक, आर्थिक, सांस्कृतिक एवं धार्मिक महत्वका कारण नेपाली जनजीवनको पहिचानसँग जोडिएको छ। धानखेतीलाई खाद्य तथा पोषण सुरक्षाको आधारस्तम्भको रूपमा पनि लिइएको छ। कृषक परिवारको जनजीविका, कृषि उत्पादन, मुलुकको समग्र खाद्य सुरक्षा र अर्थतन्त्रमा योगदानका कारण नेपाल सरकारको दीर्घकालीन तथा आवधिक योजना एवं वार्षिक विकास कार्यक्रममा धानबाली प्राथमिकता प्राप्त बाली रहँदै आएको छ। पछिल्लो राष्ट्रिय कृषि गणनाअनुसार कृषि गार्हस्थ्य उत्पादनमा धानबालीको करिब १३ प्रतिशत हिस्सा रहेको तथा कूल खाद्यान्न बाली उत्पादनमा धानबालीको हिस्सा ५० प्रतिशत रहेको छ। करिब १४ लाख हेक्टरमा धानखेती हुने गरेको छ।

आव २०८१/८२ मा ५९ लाख ५५ हजार ४७६ मेट्रिक टन धान उत्पादन भएको विभागले जनाएको छ। विभागका महानिर्देशक सन्जेलका अनुसार देशभर वार्षिक करिब ७० लाख मेट्रिक टन धानको आवश्यकता पर्दछ। विद्यमान उत्पादनले माग धान्न नसक्दा बर्सेनि करिब १० लाख मेट्रिक टन धान अपुग हुन्छ। मागअनुसार उत्पादन हुन नसक्दा तथा अधिकांश उपभोक्ताको जीवनस्तरमा आएको सुधारका कारण मसिनो तथा बास्नादार चामलको माग बढ्केकाले पनि आयात वृद्धि भएको छ।

प्रत्येक वर्ष करिब ३० देखि ३५ अर्ब रूपैयाँभन्दा बढीको धान र चामल आयात हुने गरेको छ। चालु आवको ११ महिनामा मात्रै करिब रु. १७ अर्ब बराबरको धान, चामल तथा धानको बीउ आयात भएको भन्सार विभागले जनाएको छ। गत वर्ष चैतसम्म रु. १८ अर्ब पाँच करोड २० लाख बराबरको धान आयात भएको जनाइएको छ। तथ्याङ्कअनुसार चालु आव २०८२/८३ को नौ महिनामा धान चामल आयातबापत सरकारले रु. दुई अर्ब २६ करोड ४६ लाख राजस्व सङ्कलन गरेको छ। गत आवको सोही अवधिमा सरकारले यसै शीर्षकबाट रु. दुई अर्ब ९४ करोड राजस्व सङ्कलन गरेको थियो।

देशका कतिपय स्थानमा जलवायु र सिँचाइको अभावले धान रोपाइँ आकासेपानी र मनसुनमा निर्भर छ। उत्पादन अझै पनि पूर्ण रूपमा बढ्दो सहरीकरणका कारण पनि खेतीयोग्य जमिनको घट्दो क्रममा छ। युवा जनशक्ति विदेसिने क्रमले पनि खेती घट्दो छ। त्यसको असर उत्पादनमा पनि पर्ने गरेको छ। धानबालीको क्षेत्रमा आएको कमीका कारण उत्पादकत्व वृद्धि अपरिहार्य रहेको सन्दर्भमा जलवायु परिवर्तनको नकारात्मक प्रभाव चुनौतीको रूपमा देखिएको छ।

मौसमी वर्षामा निर्भर नेपालको खेती प्रणाली विगत केही वर्षदेखि विभिन्न जलवायु सिर्जित प्रकोपबाट प्रभावित रहँदै आएको छ। विभिन्न समयमा आएका बाढी, पहिरो, डुबानले देशका विभिन्न भूभाग प्रभावित भएका छन्। गत वर्ष तराईमा सुख्खाका कारण धान रोपाइँ प्रभावित भई उत्पादनमा प्रतिकूल असर समेत परेको थियो। सन् २०२६ को मध्यबाट एलनिनोको प्रभाव देखा परेको थियो। यो एक प्राकृतिक जलवायु चक्र हो। यसले विश्वभरिको मौसम र तापक्रममा ठूलो फेरबदल ल्याउने गरेको छ। यो प्रशान्त महासागरको मध्य तथा पूर्वी भागको समुद्री सतहको तापक्रम सामान्यभन्दा बढी बढ्दा उत्पन्न हुने प्रक्रिया हो। 'एल निनो' दक्षिणी प्रशान्त महासागरमा हुने गरेको अस्वाभाविक चालका कारण सामुद्रिक तापक्रमको फरकपन हो। नेपालमा पनि यसको प्रभावले खण्डवृष्टि, सुख्खापन वा अत्यधिक वर्षाले गर्दा उत्पादनमा वर्षौंपिच्छे उतारचढाव आउने गरेको छ।

मौसमको प्रतिकूलताका कारण यस वर्ष देशभर धान रोपाइँ गत वर्षको तुलनामा ४.३ प्रतिशतले कमी आएको छ। गत वर्ष १५.६ प्रतिशत रोपाइँ भएकामा यस वर्ष ११.३ प्रतिशत कमी आएको हो। रोपाइँ कम हुँदा त्यसको असर उत्पादनमा पनि पर्ने प्रक्षेपण गरिएको छ। यही असार १२ गतेसम्म देशभर करिब एक लाख ५७ हजार हेक्टर जमिन रोपाइँ भएको जनाइएको छ।

जलवायु परिवर्तनको असरले मनसुन समयमा सक्रिय नभएकाले रोपाइँका लागि देशका अधिकांश ठाउँमा आवश्यक वर्षा हुन सकेको छैन। मौसमको प्रतिकूलता, प्राकृतिक विपद्, अतिवृष्टि तथा



अनावृष्टि, मलको समस्याले कतिपय क्षेत्रमा ढिलो रोपाइँ हुने गरेको छ।

मधेस प्रदेशमा करिब पाँच प्रतिशत मात्र रोपाइँ भएको छ। धान उत्पादन तथा क्षेत्रफलका हिसाबले तराई क्षेत्र उपयुक्त मानिन्छ। सो क्षेत्रबाट धानको उत्पादकत्व वृद्धि भई कूल उत्पादनको ७० प्रतिशत योगदान रहेको छ भने पहाडी क्षेत्रमा ३० प्रतिशत उत्पादन हुने गरेको छ। केही दिनदेखि तराईका विभिन्न क्षेत्रमा पनि वर्षा सुरु हुने क्रममा रहेकाले रोपाइँ बढ्न सक्ने अनुमान गरिएको छ।

नेपालमा करिब २२ लाख कृषक परिवार खान नपुग्ने अवस्थामा छन्। यस वर्ष 'जलवायुमैत्री प्रविधि, धानमा आत्मनिर्भरता र समृद्धि' मूल नाराका साथ २३ औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव विभिन्न कार्यक्रमहरू आयोजना गरी मनाइयो। देशभर असार १५ का दिन मनाइने राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सवले कृषि क्षेत्रमा ठूलो उत्साह र उमङ्ग ल्याउने गरेको छ। 'मानो रोपेर मुरी फलाउने' भन्ने बुढापाकाको भनाइबाट यो पर्वले धान उत्पादनमा आत्मनिर्भर बन्न किसानलाई उत्साह थपेको छ।

कृषिमा परनिर्भरता बढ्दै गएको अवस्थामा यस दिवसले उत्पादकत्व बढाउन, आधुनिक प्रविधि अपनाउन र युवालाई कृषिमा आकर्षित गर्न प्रेरित गर्न तथा वर्षभरि नै किसानलाई बीउबिजन, मल, र सिँचाइको उचित व्यवस्था गर्न महोत्सवले सन्देश दिएको बालि विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रका प्रमुख केशव देवकोटाले बताउनुभयो।

कृषि वन तथा पर्यावरण मन्त्रालयअन्तर्गत कृषि जैविक विविधता संरक्षण केन्द्रले लोपोन्मुख रैथाने बाली तथा कृषि जैविक विविधताको संरक्षणका लागि करिब रु. तीन करोड अनुदान उपलब्ध गराएको छ। लोप हुने अवस्थामा पुगेका स्थानीय बाली तथा प्रजातिहरूको पहिचान, खेती विस्तार, अनुसन्धान तथा बीउ विकास, स्थानीय हावापानी अनुकूलका बीउ उत्पादन तथा प्रवर्द्धनका लागि स्थानीय तह, कृषि सहकारी र कृषक समूहलाई लक्षित गरी करिब रु. तीन करोड सहयोग प्रदान गरेको हो।

रैथाने बालीको संरक्षण गर्ने उद्देश्यले विभिन्न ४० स्थानीय तहमार्फत यस किसिमको आर्थिक सहयोग प्रदान गरिएको केन्द्र प्रमुख केशव देवकोटाले जानकारी दिनुभयो। उहाँका अनुसार कृषि जैविक विविधताको दिगो व्यवस्थापनमा सहभागी सम्बन्धित किसानलाई अनुदान प्रदान गरिएको छ। अनुदान प्राप्त गर्न कृषक समूह, कृषि सहकारी वा निजी फार्म सम्बन्धित निकायमा दर्ता भई नवीकरण भएको हुनुपर्ने व्यवस्था छ। केन्द्रले स्थानीय तहसँग समन्वय गरी कृषि जैविक विविधताको दिगो व्यवस्थापन भए नभएको अनुगमन समेत गर्ने गरेको छ। कृषकद्वारा परम्परागत ज्ञान तथा सीपको प्रयोगबाट गरिने उत्पादनले जैविक विविधता संरक्षणमा सहयोग पुग्ने विश्वास गरिएको छ।

कृषि जैविक विविधताको व्यवस्थापनमा माटोका सूक्ष्म जीव र कृषि प्रणालीसँग सम्बन्धित आनुवंशिक स्रोतहरूको दिगो संरक्षणमा जोड दिएको केन्द्रले किसानसँग खाद्य सुरक्षा, पोषण र जलवायु परिवर्तन अनुकूलनमा ध्यान केन्द्रित गर्न आग्रह गरेको केन्द्रले कृषि जैविक विविधताको व्यवस्थापनका लागि प्राङ्गारिक मल र जैविक विधि अपनाउनुपर्ने शर्त राखेको छ। कृषकको हकहित र ज्ञानको संरक्षण गरी रैथाने बीउबिजन जोगाउन किसानले जैविकखेती प्रणालीमा रासायनिक मल/विषादीको प्रयोग गर्न प्रतिबन्ध गरिएको छ।

सरकारले धानमा आत्मनिर्भरताको नारा दिए पनि हाइब्रिड (वर्णशङ्कर) जातको उन्नत बीउ पर्याप्त उत्पादन हुन नसक्दा करिब रु. डेढ अर्बको धानको बीउ आयात हुने गरेको छ। यस वर्ष नेपालको कृषि उत्पादन क्षेत्र मनसुनी विपत्को उच्च जोखिममा रहेको छ। मनसुन भित्रिए पनि यतिखेर वर्षा कम गराइरहेको छ। कृषि क्षेत्रमा अतिवृष्टि र अनावृष्टिको उच्च जोखिम कायम छ। कृषि क्षेत्रको प्रगतिका लागि समयमै मल तथा उन्नत बीउको उपलब्धता, सिँचाइ सुविधाको विस्तार र धानखेतीको आधुनिकीकरण गर्न आवश्यक छ।

कृषि क्षेत्रमा हुने उत्पादनको वृद्धिले देशको समग्र अर्थतन्त्रलाई सकारात्मक तथा गतिशील बनाउन सहयोग गर्दछ। कृषि विभागले बाली तथा बीउबिजन, अनुदान तथा तालिम, माटो परीक्षण र बजार मूल्यको व्यवस्थापन गर्न भूमिका निर्वाह गरेको छ।

गृह मन्त्रालयअन्तर्गतको राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले मनसुन प्रतिकार्य योजना हरेक वर्ष निर्माण गर्छ। त्यसमा कृषि क्षेत्र केवल सानो हिस्साका रूपमा रहेको छ। कृषि, वन तथा वातावरण मन्त्रालयअन्तर्गत रहेको कृषि सूचना प्रशिक्षण सञ्चार केन्द्रले मौसमी सूचना प्रचारप्रसार गर्दै आएको छ। केन्द्रका अधिकृत सञ्जीव पण्डितले राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, जल तथा मौसम विज्ञान विभागलगायतसँग आवश्यक समन्वय गरी ती निकायले उपलब्ध गराएको सूचनाको विश्लेषण गरी कृषि क्षेत्रमा आउन सक्ने जोखिमबारे सूचना मोबाइल म्यासेजबाट पठाउने गरेको छ।

नेपालको संविधानको धारा ३६ मा खाद्यसम्बन्धी हकलाई मौलिक हकको रूपमा व्यवस्था गरिएको छ। संविधानको धारा ५१ मा कृषि र भूमिसुधारसम्बन्धी नीति र नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिहरू उल्लेख गरिएका छन्। खाद्य सुरक्षा र खाद्य सम्प्रभुताको संरक्षण गर्न खाद्य ऐन २०२३, उपभोक्ता संरक्षण ऐन २०७५ र खाद्य अधिकार तथा खाद्य सम्प्रभूतासम्बन्धी ऐन २०७५ कार्यान्वयनमा ल्याइएको छ। उक्त ऐनमा किसानले कृषियोग्य भूमि, बीउबिजन र प्रविधि आवश्यकताअनुसार छनोट गर्न पाउने, खाद्यसम्बन्धी नीति निर्माण प्रक्रियामा किसानलाई सहभागिता जनाउने, खाद्य उत्पादनका प्रणालीसँग सम्बन्धित व्यवसाय रोज्न पाउनेजस्ता विषय समावेश गरिएको छ। खाद्य सम्प्रभूतालें कृषि प्रणालीको निर्णायक भूमिकामा उत्पादनकर्ता किसानहरूको अधिकारलाई स्थापित गर्न खोजिएको छ। खाद्य अधिकार तथा खाद्य सम्प्रभूतासम्बन्धी नियमावली बन्ने तयारीमा छ। **रासस**

# किशोरावस्थामा गर्भपतन गराउँदा प्रजनन स्वास्थ्यमा खतरा बढ्ने

✍ रञ्जिता अधिकारी

कृत्रिम गर्भपतन गराएकाले घोराही उपमहानगरपालिका-१८ की एक किशोरीको स्वास्थ्यमा समस्या देखियो।

स्वस्थ्यकर्मीले उहाँको उपचारमा सहयोग गर्नुभयो, छोटो समयका लागि केही सुधार पनि भयो। तर, पछि उहाँको रगत बग्ने समस्या भने बल्झिरहन्छ।

उहाँले भागेर विवाह गर्नुभयो। विवाह गरेलगत्तै गर्भ रह्यो। कक्षा ११ को परीक्षा दिने तयारी भएकाले पढाइमा समस्या आउने ठहर गर्दै उनले पतिको सल्लाहअनुसार नजिकैको मेडिकलबाट गर्भपतनको औषधि किनेर खाएपछि गर्भपतन भएको थियो।

त्यसैगरी, सोही स्थानका अर्की १९ वर्षीया एक किशोरीको मन पराएको युवकसँग उठबस भयो। पछि गर्भ बस्यो। विवाहअगाडि नै गर्भ बसेपछि उहाँले नजिकैको अस्पतालबाट कृत्रिम गर्भपतन गराउनुभयो।

कृत्रिम गर्भपतन भनेको स्वाभाविक परिस्थितिमा जन्मिन नदिई, औषधि वा शल्यक्रियाको माध्यमबाट समयभन्दा अगावै भ्रूणलाई बाहिर निकाल्ने वा तुहाउने चिकित्सा प्रक्रिया हो।

बाहिरी बल, औषधि वा वस्तु प्रयोग नगरी गर्भ आफैं खेर गएमा वा तुहिएमा त्यसलाई आफैं हुने गर्भपतन भनिन्छ। यो महिलाको प्रजनन अधिकार र स्वास्थ्यसँग सम्बन्धित संवेदनशील विषय हो।

नेपालको कानुनले निश्चित अवस्था र प्रक्रिया पूरा गरेर गरिने गर्भपतनलाई मात्र कानुनी र सुरक्षित मान्दछ। गर्भपतन गराउन जाँदा अभिभावक वा आफूभन्दा ठूलो मानिस लैजानुपर्ने कानुनी व्यवस्था भएपछि किशोरीले प्रायः आफूसँगै अध्ययन गर्ने साथी लैजाने गरेको पाइएको छ।

मुलुकी देवानीसंहिता, २०७४ को दफा ७० को (१) मा विवाह हुनका लागि पुरुष र महिलाको उमेर २० वर्ष पूरा भएको हुनुपर्छ। त्यसैले नेपाल सरकारले 'बिहेवारी २० वर्ष पारि' को अवधारणालाई कार्यान्वयन गरेको छ।

दाङमा सुरक्षित गर्भपतन गर्ने २० वर्ष मुनिका किशोरीहरूको सङ्ख्यामा वृद्धि भएको तथ्याङ्कले देखाएको छ। दाङमा २० वर्ष मुनिका किशोरीले आर्थिक वर्ष २०८०/८१ मा १८२, आव २०८१/८२ मा १९१ र आव २०८२/८३ मा १३४ किशोरीले सुरक्षित गर्भपतन सेवा लिनुभएको छ।

तुलसीपुरमा सुरक्षित गर्भपतन गराउने २० वर्ष मुनिका किशोरीको सङ्ख्या बढिरहेको छ। दाङमा ३५ वटा सुरक्षित गर्भपतन सेवा केन्द्र सञ्चालनमा छन्।

तुलसीपुर उपमहानगरपालिकामा आर्थिक वर्ष २०८०/८१ मा १०९ जना, आव २०८१/८२ मा १०४, आव २०८२/८३ मा ८५ जना २० वर्षमुनिका किशोरीले सुरक्षित गर्भपतन सेवा लिनुभएको छ।

घोराही उपमहानगरपालिकामा आर्थिक वर्ष २०८०/८१ मा ५३, आव २०८१/८२ मा ६४, आव २०८२/८३ मा ३२ जना २० वर्ष मुनिका किशोरीले सुरक्षित गर्भपतन सेवा लिएको लुम्बिनी प्रदेश स्वास्थ्य निर्देशनालयको तथ्याङ्कमा उल्लेख छ।

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीका सहायक प्राध्यापक एवं स्त्रीरोग विशेषज्ञ शिखा तिवारीले असुरक्षित गर्भपतनमा २० वर्ष मुनिका बालिका बढी जोखिममा रहेको बताउनुभयो।

उहाँले प्रजनन स्वास्थ्यका दृष्टिले संवेदनशील मानिने २० वर्षभन्दा कम उमेर समूहका किशोरीमा गर्भ रहनु प्रजनन स्वास्थ्यका दृष्टिले उपयुक्त हुँदैन भन्नुभयो।

उहाँले सुरक्षित गर्भपतन गर्नेको सङ्ख्याभन्दा ठूलो सङ्ख्या असुरक्षित र सामान्य मेडिकलमा गर्भपतन गर्नेको सङ्ख्या रहेको छ, जुन मानवीय स्वास्थ्यका दृष्टिले उच्च जोखिममा पर्ने देखिन्छ भन्नुभयो। उहाँले भन्नुभयो, "असुरक्षित गर्भपतन गर्नु हुँदैन। जहाँ पायो त्यहाँ गर्भपतन गराउनु जोखिम हुन्छ। जनचेतना अभिवृद्धिबाट गर्भपतनलाई सुरक्षित बनाउनुपर्छ।"

उमेर नपुगी शारीरिक सम्बन्ध राख्ने, यौनसम्पर्क गर्दा गर्भनिरोधक साधनको प्रयोग नगर्ने कारणले किशोरीहरू असुरक्षित गर्भपतन गर्न बाध्य छन्।

प्रजनन क्षमताको हिसाबले गम्भीर मानिएको २० वर्षभन्दा कम उमेरका किशोरीले गर्ने गर्भपतनको अवस्थामा आउनु ठीक मानिँदैन। अपरिपक्व उमेर तथा असुरक्षित गर्भपतनले प्रजनन स्वास्थ्यमा ठूलाठूला समस्या देखापर्ने गरेको स्वास्थ्य निर्देशनालय लुम्बिनी प्रदेशका स्वास्थ्य शिक्षा प्रशासक नेत्र अर्यालले बताउनुभयो।

"कच्चा उमेरमै गर्भपतन गराउँदा पाठेघरमा गम्भीर समस्या उत्पन्न हुन्छ, त्यसले पनि सुरक्षित रूपमा आधिकारिक संस्थाबाट गर्भपतन गराउने गर्नुपर्छ," उहाँले भन्नुभयो।

उहाँका अनुसार दाङमा आर्थिक वर्ष २०८०/८१ मा दुई हजार ४२१ जना, आव २०८२/८३ मा दुई हजार ८६७ जना, आव २०८२/८३ को फागुन मसान्तसम्म एक हजार १६४ जनाले सुरक्षित गर्भपतन गराउनुभएको छ।

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ अनुसार महिलाको मञ्जुरीले १२ हप्तासम्मको गर्भ, जबर्जस्ती करणी वा हाडनाता करणीबाट गर्भ रहेमा २८ हप्तासम्मको गर्भ, गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्छ वा विकलाङ्ग बच्चा जन्मन्छ भनी चिकित्सकको राय भएमा २८ हप्तासम्मको गर्भ, रोगप्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जीवाणु (एचआईभी) वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग शरीरमा भएको महिलाको २८ हप्तासम्मको गर्भ, भ्रूणमा नै खराबी रहेको, भ्रूणमा अशक्तता रहेको भनी उपचारमा संलग्न चकित्सकको राय भएमा गर्भवतीको मञ्जुरीमा २८ हप्तासम्मको गर्भलाई गर्भपतन गराउन सकिने कानुनी व्यवस्था छ।

नेपाल बार एसोसिएसन दाङका अध्यक्ष गोमा महराले सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ लागू भए पनि सुरक्षित गर्भपतन सेवा अझै सहज बन्न नसकेको बताउनुभयो। उहाँले नेपालको कानुनले गर्भवती महिलाको मञ्जुरीमा १२ हप्तासम्मको गर्भ सरकारी मान्यता प्राप्त स्वास्थ्य संस्थामा निःशुल्क र सुरक्षित रूपमा पतन गराउन पाउने अधिकार दिएको तर, व्यवहारमा महिलाहरू अझै खुलेर अस्पताल नजाने गरेको बताउनुभयो।

नेपालमा विसं २०५९ मा भएको मुलुकी ऐनको एघारौं संशोधनमार्फत सुरक्षित गर्भपतनले मान्यता पाएको हो। **रासस**

## हार्दिक समवेदना



जन्म
१९९९/०६/१९

स्वर्गारोहण
२०८३/०३/१४

यस संस्थाका सदस्यता नं. २६३ का सदस्य **हरिराम त्वाती**को दु:खद निधन भएकोमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**दिगो बचत तथा ऋण सहकारी संस्था लि.**
कमलविनायक-१०, भक्तपुर, फोन नं. ०१-६६१२५७४



## हार्दिक समवेदना



जन्म : १९९९/०६/१९
निधन: २०८३/०३/१४

यस संस्थाका संस्थापक सदस्य तथा सदस्यता नं. ०६ का सदस्य **हरिराम त्वाती**को असामयिक निधन भएकोमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**विकास बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, गोल्मढी



## हार्दिक समवेदना



जन्म : १९९४/१०/०६
निधन: २०८३/०३/१९

भक्तपुर जिल्ला हाल भ.न.पा. वडा नं. ४, मङ्गलाछेँ टोल बस्ने यस संस्थाका सदस्यता नं. ६६८६ का सदस्य **हरिमाया बल्ल**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर


***ऐतिहासिक....***

अझ आकर्षक बनेको चर्चा गर्दै नयाँ बस्तीको बिचमा रहेको यो सम्पदा स्थानीय धार्मिक आस्थाको केन्द्रका रूपमा स्थापित हुँदै गएको उल्लेख गर्नुभयो ।

उपभोक्ता समितिका अध्यक्ष नारायणप्रसाद कोइरालाले मन्दिर स्थापना तथा पुनर्निर्माण प्रक्रियाबारे जानकारी गराउँदै आय-व्यय विवरण प्रस्तुत गर्नुभयो । उहाँका अनुसार उपभोक्ता समितिमार्फत सम्पन्न पुनर्निर्माण कार्यको अनुमानित लागत ८९ लाख रूपैयाँ रहेकोमा ७५ लाख ६९ हजार रूपैयाँ खर्च भएको जानकारी गराउनुभयो ।

कार्यक्रममा उपभोक्ता समितिका सदस्य सम्झना प्रेमीले पनि बोल्नुभएको थियो भने मन्दिर पुनर्निर्माणमा आर्थिक तथा भौतिक सहयोग पुऱ्याउने व्यक्ति तथा संस्थाहरूलाई सम्मान समेत गरिएको थियो ।



# ऋण लिएर गर्व गर्नेभन्दा विकास गरेर देखाउने हो

काठमाडौँ, २२ असार । विगतको सरकारले पनि ऋण लिएरै देश चलाएको हो; बजेट तयारी गरेको हो भनेर नयाँ सरकारले पहिलेभन्दा के कम भनी ऋणमाथि ऋण लिएर ऋणीको देश बनाउँछ भने पहिलेको र अहिलेको सरकारमा के भिन्नता छुट्याउने ? पुरानो र नयाँ सरकारको उही नीति, उही कार्यशैली छ भने यो सरकारलाई विश्वास गर्ने आधार के ? लामो समयदेखि नै देश आन्तरिक र बाह्य ऋणमा टिक्दै आएको हो । ऋण नलिएको भए देश सञ्चालन गर्न नसक्ने स्थितिमा पुगेको छ । देशले बढीभन्दा बढी उत्पादन गरेर आयआर्जन बढाउनेतर्फ सरकार लाग्नुपर्ने हो । देशको लागि आवश्यक हरेक सामान विदेशबाट झिकाएर देशको राजस्व कसरी बढ्छ र देश कसरी आत्मनिर्भर हुन्छ ?

उत्पादन बढाएर जनताका आधारभूत आवश्यकता परिपूर्ति गर्नुपर्नेमा सबै सामान विदेशबाट झिकाएर देश कसरी आत्मनिर्भर हुन्छ ? ऋणले देश चलाएर कसरी विकास हुन्छ ? आर्थिक सहयोग, आर्थिक अनुदान, विकास योजना सबै विदेशी शक्ति राष्ट्र या दातृ राष्ट्रको भरमा परेर देश विकास हुन्छ भन्ने सरकारको अवधारणा नै गलत छ । सवाल पुरानो सरकार र नयाँ सरकारको होइन; कुन सरकारले देश र जनताको विकास र सेवा गर्छ भन्ने कुरा महत्त्वपूर्ण हो । ऋणको मुख्य उद्देश्य पुँजी निर्माण र उत्पादनशील पूर्वाधारमा लगानी गर्नुपर्ने हो । ऋण अनुत्पादक क्षेत्रमा लगानी भयो भने न ऋणको राम्रो उपलब्धि हुन्छ न त लिइएको ऋण तिर्न नै सक्छ । ऋण तिर्न ऋण लिनुपर्ने कुनै पनि देशको अवस्था राम्रो सङ्केत होइन । त्यस्तो देश कहिले पनि विकास हुँदैन ।

देशमा खर्च नजुटेर देशको उद्योग तथा कारखाना बेच्ने दलहरू पनि देखिए । उद्योग, कारखाना सञ्चालन गरेर जनताका आधारभूत आवश्यकता पूर्ति गर्नेतर्फ सरकार नलागी उद्योग बेचेर देशको खर्च जुटाउने, जुटाउन लाग्ने दल र दलको सरकारले देश विकास नै सरकारको मुख्य जिम्मेवारी हो भनेर बखान गरेर हुँदैन । जनताका आधारभूत कुरा पूर्ति गर्दै जाने हो; आत्मनिर्भर बनाउँदै जाने हो भने बन्द भएका उद्योगहरू खोलेर सञ्चालन गर्नुपर्छ । देशको बढ्दो ऋणलाई अनुत्पादक क्षेत्रमा खर्च गर्ने काम रोक्नुपर्छ । देशले लिएको ऋण दीर्घकालीन समृद्धि र बलियो अर्थतन्त्र निर्माणको आधार बनाउनुपर्छ ।

कति लेखक र बुद्धिजीवीहरू नेपालको ऋण अझै नियन्त्रण बाहिर गएको छैन भनी अझ ऋण लिनुपर्ने बढावा दिन्छन् । ऋण लिनै हुँदैन भन्ने होइन । संसारका विकसित देशले नै ऋण लिइरहेको छ भने विकासशील देशले ऋण लिनु हुँदैन भन्ने कुरा होइन । तर, ऋणको उपयोग बढीभन्दा बढी गर्नुपर्छ । विकासको नाउँमा लिइएको ऋणमै आँखा गाड्छ, अनियमितता र चुहावट हुन्छ, व्यक्तिगत स्वार्थ खोज्छ भने त्यो ऋण के देशको निम्ति घाँडो हुँदैन ? पुँजीपतिवर्गको प्रतिनिधित्व गर्ने दल र दलको सरकारले विदेशी अनुदान र विदेशी सहयोग पाउने अभिलाषामा नेपाल र नेपालीलाई भन्दा विदेश र विदेशीको फाइदा हुने काम गर्छ भने त्यो कहिले पनि देशको हितमा हुनेछैन । देशको अहितमा काम गर्ने सरकार देशभक्त हुन सक्दैन । यसकारण, सरकारले ऋण लिने प्रतिस्पर्धा होइन छिटोभन्दा छिटो विकास गरेर जनताको जीवनस्तर उठाउने काम गर्नुपर्छ; जीवनस्तर उठाउने बाटो तयार गर्नुपर्छ । अहिले ठुलो दलको हुङ्कार होइन, देश र जनताको हितमा उल्लेखनीय काम गर्नुपर्छ; उल्लेखनीय काम गर्न अग्रसर हुनुपर्छ । सरकारले धेरै ऋण लिएर गर्व गर्ने होइन; विकास गरेर देखाउने हो ।

***क्रान्तिकारी....***

चेतनाको महत्त्वमाथि प्रकाश पार्नुभयो ।

बहसलाई थप प्राज्ञिक उचाइ दिँदै कर्णाली कला साहित्य समाज नेपालका सदस्य प्रकाश ओझेलले क्लारा जेट्किनको राजनीतिक, साहित्यिक र क्रान्तिकारी प्रेम जीवनका पाटाहरूबारे प्रस्ट पार्नुभयो । उहाँले महिला मुक्तिको सवाल आर्थिक समानतापछि मात्र सम्भव हुने मार्क्सवादी दृष्टिकोण राख्दै मार्च ८ ( अन्तर्राष्ट्रिय महिला दिवस) को पृष्ठभूमि र त्यसमा क्लारा जेट्किनको ऐतिहासिक भूमिकाको व्याख्या गर्नुभयो ।

कार्यक्रममा साहित्यिक र सांस्कृतिक रौनकता थप्दै साहित्यकार अङ्ग शाहीले व्यवस्थाका विसङ्गतिहरूमाथि तीखो प्रहार गर्दै समसामयिक प्रगतिशील मुक्तकहरू वाचन गर्नुभएको थियो भने नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय सदस्य बिजुकला रानाले क्लारा जेट्किनको जीवनी र सङ्घर्षको गाथामा आधारित ओजपूर्ण देउडा गीत प्रस्तुत गर्नुभएको थियो । अन्तर्राष्ट्रिय क्रान्तिकारी चेतनालाई स्थानीय देउडा भाकामा ढालेर प्रस्तुत गरिएको उक्त सांस्कृतिक शैलीलाई सहभागीहरूले निकै उत्साहका साथ ग्रहण गरेका थिए ।

नेपाल क्रान्तिकारी महिला सङ्घ सुर्खेतका सचिव कल्पना शाहले कुशलतापूर्वक सञ्चालन गर्नुभएको सो कार्यक्रममा उपाध्यक्ष जानकी सुनारले स्वागत मन्तव्यमार्फत उपस्थित सबैलाई स्वागत गर्नुभएको थियो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ सुर्खेतका अध्यक्ष एवम् सभापतित्व तुल्सी खड्काले सभाको समापन गर्दै कठीन र प्रतिकूल परिस्थितिका बाबजुद पनि नथाकेर निरन्तर कामदार जनताको सेवामा लागेर आफ्नो जीवन आहुति दिएका अन्तर्राष्ट्रिय क्रान्तिकारी महिला नेतृहरूको जीवन र विचारलाई आत्मसात् गर्दै संसद्वादी र संशोधनवादी भ्रमहरूका विरुद्ध सङ्गठनलाई अझ सशक्त बनाएर लैजाने दृढता व्यक्त गर्नुभयो ।


## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौँ ।

### एड्भान्स फोटोग्राफी तालिमसम्बन्धी सूचना


यस उपसमितिको आयोजनामा देहायका मिति, समय र स्थानमा हुने **दुईहप्ते एड्भान्स फोटोग्राफी तालिम**मा सहभागी हुन इच्छुक सदस्य एवं सदस्य परिवारलाई **२०८३ असार २६ गतेभित्र** आफ्नो नाम दर्ता गराउन सूचित गराइन्छ ।


**तालिम**
शुभारम्भ मिति : २०८३ असार २८ गते, आइतबार
समय : बिहान ६:०० देखि ८:०० बजेसम्म
स्थान : सिद्धि गणेश तालिम हल, खँचा
दर्ता शुल्क : रू. २०००।- प्रतिव्यक्ति

*पुनश्च : तालिममा बढीमा १५ जना मात्र सहभागी गराइने हुँदा पहिले आउनेलाई पहिलो प्राथमिकता दिइनेछ ।*

**युवा उपसमिति**

### गतिविधि





अर्थशास्त्रसम्बन्धी अभिमुखीकरण कार्यक्रमका सहजकर्ता एवं ख्वप कलेजका प्रशिक्षक राजन फाजुलाई मायाको चिनो प्रदान गर्नुहुँदै संस्थाका अध्यक्ष रूद्रनारायण लाखा र कार्यक्रमपश्चात्को सामूहिक फोटो । (असार २०)




शिक्षा उपसमितिको आयोजनामा सम्पन्न अनिवार्य शिक्षा शिविरमा मन्तव्य राख्नुहुँदै संस्थाका अध्यक्ष रूद्रनारायण लाखा ।(असार २०)




मेनोपजसम्बन्धी अभिमुखीकरण कार्यक्रममा अध्यक्ष रूद्रनारायण लाखाद्वारा ख्वप अस्पतालका डा. कृष्णप्यारी दुगुजुलाई मायाको चिनो प्रदान गर्नुहुँदै ।(असार २१)

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

ACCESS BRONZE



## हार्दिक समवेदना



जन्म : १९९९/११/१२
निधन: २०८३/०३/०४

यस विद्यालयकी शिक्षिका सीतालक्ष्मी छुस्याकीकी ममतामयी माता **पूर्णकेशरी छुस्याकी**को दु:खद निधन भएकोमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौँ ।

**शारदा माध्यमिक विद्यालय परिवार**
यालाछेँ, भक्तपुर



## सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं

- सडक, पार्क, विद्यालय, अस्पताल, कार्यालय जस्ता संरचनामा तोडफोड तथा क्षति नपुऱ्याऔं,
- सार्वजनिक स्थलमा सरसफाइ गरौं,
- सरकारी सामग्रीको हिनामिना तथा दुरुपयोग नगरौं/नगराऔं,
- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं,
- जिम्मेवार नागरिक बनेर सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

सार्वजनिक सम्पत्ति हामी सबैको सम्पत्ति हो, संरक्षण गर्नु हामी सबैको दायित्व हो।

नेपाल सरकार
विज्ञापन बोर्ड


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा